महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
बलान विहुल गाउँपालिका
सप्तरी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता,पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल

२०७९ आषाढ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. ३९९

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बलान विहुल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सप्तरी ।

कैफियत सहितको राय

हामीले **बलान विहुल गाउँपालिका**को आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोवार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू ५ करोड ३४ लाख ९६ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू ८ लाख ११ हजार फस्योंट भई बाँकी बेरुजू रु ५ करोड २६ लाख ८४ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू २७ लाख ९५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ३ करोड ६७ लाख ८८ हजार, नियमित गर्नुपर्ने रू १ करोड २० लाख ५१ हजार र पेश्की रू १० लाख ५० हजार रहेको छ ।गाउँपालिकाको गतवर्ष रु ८ करोड ३ लाख २५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १३ करोड ३० लाख ९ हजार रहेको छ ।गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

बलान विहुल गाउँपालिका
बेरुजु वर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४०	७०	५३४९६	०	२	८११	४४	६८	५२६८४	२७९५	१२०५१	३६७८८	०	०	४८८३९	१०५०

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सप्तरी	८०३२५	०	०	८०३२५	०	५२६८४	१३३००९

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बलान-विहुल गाउँपालिका, सप्तरी , बलान्बिहुल गाउँपालिका , सप्तरी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मो.नसिम राईन	२०७८-३-२१	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	कुन्दन कुमार कर्ण	२०७७-७-१	
कार्यालय प्रमुख	कुन्दन कुमार कर्ण	२०७७-७-१	२०७८-३-२०
लेखा प्रमुख	कमलेश कुमार साह	२०७७-४-१	२०७८-१२-१०
		बेरुजु रकम	५३,४९५,७७६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४,६६,००,६९०.९८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	३२,१०,७८,९८३.७७	**चालु खर्च**	२६,७८,८८,६८२.१५
प्रदेश सरकारबाट अनुदान	१,९९,४५,०००	**पूँजीगत खर्च**	१३,३५,०५,५१७.०२
राजश्व बाँडफाँट	४,९३,४६,४२४.५२	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	९,०२,४२०.२		
अन्य आय	७४,५८,२४४.४		
कुल आय	३९,८७,३१,०७२.८९	**कुल खर्च**	४०,१३,९४,१९९.१७
बाँकी मौज्दात		४,३९,३७,५६५.४	

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** परिचय : स्थानीय नेतृत्वको बिकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उदेश्यले यस गाउँपालिकाको स्थापना भएको हो । दुई नम्बर प्रदेशमा अवस्थित यस गाउँपालिका अन्तर्गत ६ वडा, ३३ जना सभा सदस्य रहेका छन् । ३३.०४ बर्ग कि.मी. क्षेत्रफल ओगटेको यस गाउँपालिकाको जनसंख्या २६ हजार ६८ जना रहेको छ ।	
२			**एकिकृत आर्थिक विवरण - कार्यालयबाट प्राप्त आर्थिक बर्ष २०७७।७८ को एकीकृत आर्थिक विवरण निम्न बमोजिम रहेको छ ।**	

आ.व.-२०७७/०७८ एकिकृत आर्थिक विवरण							
सि.नं.	आय तर्फ			सि.नं.	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		४६६००६९०.९८	१	चालु खर्च		१००३६७११०.७
	क) नगद	०			क) संघिय वितिय समानिकरण	१७१९८९२५.	
	ख) वैंक मौज्दात	४४३०१९५४.९८			ख) प्रदेश वितिय समानिकरण	४७७४३२८.	
	ग) धरौटी खाता	२२९८७३६.			ग) राजश्व वाँडफाँड	५२६९४२२२.७६	
					घ) आन्तरिक श्रोत	२५५११०६९२.९४	
२	संघिय वित्तिय हस्तान्तरण		२४७७१६०८०.		ङ) अन्य अनुदान	१८८९४२.	
	क) वितिय समानिकरण अनुदान	९२२००००० .					
	ख) ससर्त अनुदान	१४०७१६०८०.		२	पुँजिगत खर्च		८५५११९४५.८१
	ग) विशेष अनुदान	१०००००००.			क) संघिय वितिय समानिकरण	६७७७५५१७.६८	
	घ) सम्पुरक अनुदान	४८०००००.			ख) प्रदेश वितिय समानिकरण	२१४७५६२.	

					ग) प्रदेश राजश्व	१२६०६७५.	
३	प्रदेश सरकारबाट प्राप्त अनुदान		१९९४५०००.		घ) संघिय राजश्व	१२०४१७१.	
	क) वितिय समानिकरण अनुदान	६९४५०००.			ङ) आन्तरिक श्रोत	१२४४३२२०.१३	
	ख) सर्शत अनुदान	८००००००.			च) सडक वोर्ड	६८००००.	
	ग) समपुरक अनुदान	२००००००.					
	घ) विशेष अनुदान	३००००००.		३	सशर्त अनुदान खर्च		१३९०५४०४०.३९
					क) संघिय सशर्त अनुदान	११३२८२०५४.९५	
४	आन्तरिक आय		५१७५५०६०.७२		ख) संघिय विशेष अनुदान	९९७२२१४.४४	
	क) आन्तरिक राजश्व	९०२४२०.२			ग) सम्पुरक अनुदान	४८०००००.	
	ख) प्रदेश राजश्व वाँडफाँड	२५९५५६७.			घ) प्रदेश सशर्त अनुदान	७९९९८८०.	
	ग) संघिय राजश्व वाँडफाँड	४६७५०८५७.५२			ङ) प्रदेश विशेष अनुदान	२९९९८९१.	

	घ) सडक वोर्ड	६८००००.					
	ङ) जिल्ला मालपोत	८२६२१६.		४	ससर्त अनुदान फिर्ता	१३१७१६१.	१३१७१६१.
				५	प्रकोप कोष खाता खर्च	९७८८३३.५	९७८८३३.५
५	धरौटी प्राप्ती	१८८१०६१.४४	१८८१०६१.४४	६	धरौटी फिर्ता	८०३००४.	८०३००४.
				७	स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	७०७४०९५.७७	७०७४०९५.७७
				८	सामाजिक सुरक्षा कार्यक्रम	६६२८८८०८.	६६२८८८०८.
६	विभिन्न कोष तर्फको आय			९	मौज्दात		४३९३७५६५.४८
	१. प्रकोप व्यवस्थापन कोष	१००००००.	१००००००.		क) नगद	०	
	२. संचित कोष खाता श्रोत विहिन	३०७०९६७.७४	३०७०९६७.७४		ख) चालु खर्च खाता	२०१२३५४.८	
					ग) पुजिगत खर्च खाता	२२०८१३४३.२५	
६	स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	७०७४०९५.७७	७०७४०९५.७७		घ) संचित कोष खाता	१३७४५२५२.२२	
७	सामाजिक सुरक्षा कार्यक्रम	६६२८८८०८.	६६२८८८०८.		ङ) आन्तरिक राजश्व खाता	९०२४२०.२	
					च) राजश्व बाँड फाँड खाता	८२६२०१.	
					छ) प्रकोप खाता	२२८२८७.१७	

					ज) धरौटी खाता	३३७६७९३.४४	
					झ) पुरानो संचित कोष खाता	७६४९१३.४	
जम्मा		४४५३३१७६४.६५	४४५३३१७६४.६५	जम्मा		४४५३३१७६४.६५	४४५३३१७६४.६५

३			**वित्तीय विवरण सम्बन्धमा** वित्तीय विवरणको परीक्षण (क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट २०७६।२।१९ मा स्वीकृत भएको NPSAS Based ढाँचामा पूर्ण रुपमा प्रतिवेदन तयार तथा लेखाङ्कन गरेको पाईएन । (ख) बैंक हिसाब मिलान विवरण तयार नगरेको : स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफनो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा कार्यालयले बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता र बैंक खातामा फरक पर्नुको कारण उल्लेख गरी हिसाब पारदर्शी तथा व्यवस्थित तवरले राख्नुपर्दछ । (ग) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा ३२(३) मा स्थानीय तहले आफूले गरेको आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिनभित्र नेपाल सरकारको अर्थ मन्त्रालय र प्रदेश समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले ऐनमा तोकिए बमोजिम आय र व्ययको चौमासिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने गरेको पाईएन । (घ) संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।	
४			**आन्तरिक नियन्त्रण प्रणालीको अवस्था** (क) आन्तरिक नियन्त्रण प्रणाली : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको पाईएन । गाउँपालिकाबाट सम्पादन गरिने कार्यहरु दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मूख गराउन, वित्तीय जोखिम न्यूनीकरण गर्न एवं वित्तीय विवरणलाई विश्वसनीय बनाई बिकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपमा संचालन गर्न उपयुक्त तवरको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । (ख)वार्षिक खरिद योजना / गुरु योजना : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । यस कार्यालयले खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना तयार गरेको पाईएन । वार्षिक खरिद योजना/ गुरु योजना बनाई खरिद कार्यलाई मितव्ययी, पारदर्शी, प्रतिस्पर्धी, वस्तुनिष्ठ, व्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ । (ग) स्थानीय तथ्यांक र अभिलेखः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन, प्रशोधन, बिश्लेषण र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तुलनायोग्य ,सान्दर्भिक, पर्याप्त तथा यथार्थ तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	

(घ) संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको छैन ।

(ङ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।

(च) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल , भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

(छ) निर्माण व्यवसायीवा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नाप गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन ।

(ज) स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

(झ) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तयार गरेको पाईएन ।

(ञ) पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।

(ट) स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन गर्नुपर्ने आयोजनाको बिश्लेषण गरी कार्यान्वियन गर्नुपर्ने सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

(ठ) स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १६(४ख) मा गाउँपालिकाको उपाध्यक्ष वा नगरपालिकाको उपप्रमुखले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ । विभिन्न गोश्वारा भौचरहरुको फाँटवारीमा गाउँपालिकाको उपाध्यक्षले अनुगमन तथा सुपरिवेक्षण गरी प्रतिवेदन पेश गरेको पाईएन । साथै पेश भएका कतिपय अनुगमन प्रतिवेदनहरुमा योजनाको नाम, अनुगमन गरेको मिति, अनुगमनबाट देखिएको स्थिति उल्लेख गरेको पाईएन । कानून बमोजिम उपाध्यक्षबाट योजना तथा कार्यक्रमको अनुगमन एवं सुपरीवेक्षण पश्चात सोको प्रतिवेदन एवं प्राविधिक प्रतिवेदन तथा आवश्यक बिलभरपाईका आधारमा मात्र रकम भुक्तानी गर्नुपर्दछ ।

(ड) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनुपर्ने, आन्तरिक लेखा परीक्षणको प्रतिवेदनबाट औंल्याइएको बिषयहरुको आधारमा आवश्यक सुधार गर्ने तथा सुधार भए नभएको परीक्षण गर्न तथा आवश्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्था अनुसार यस वर्ष आन्तरिक लेखापरीक्षण गराएको छैन र लेखापरीक्षण समिति पनि गठन गरेको पाईएन । ऐनको प्रावधान कार्यान्वियन गर्नुपर्दछ ।

५ **पदाधिकारी सेवासुविधा** १४,४००

प्रदेश २ सरकारले जारी गरेको स्थानिय निकायका पदाधिकारी तथा सदश्यको सेवा सुविधासम्वन्धी कानुनको अनुसूचिमा पदाधिकारीलाई विभिन्न सुविधा प्रदान गर्ने उल्लेख छ।पालिकाले ३३ जना पदाधिकारीलाई मासिक सेवासुविधावापतको आव २०७६।०७७ को कार्तिकदेखि असाढसम्मको एवम आव ०७७।०७८ को श्रावणदेखि असाढसम्मको सेवासुविधावापत २१ महिनाको जम्मा रु ९९७८००० गरेको छ। साथै पदाधिकारीको अघिल्लो वर्षको वेरुजुसमेत सेवासुविधावाट कटी गरेको देखिदैन। पदाधिकारीलाई उपलव्ध गराएको सवारी साधन तथा अन्य सुविधाको व्यवस्थित अभिलेख राखेको छैन।अघिल्लो वर्षको पदाधिकारी सेवासुविधा वापतको भुक्तानीको निमित्त मलेपफान २२१ समेत प्रमाणित गरेको देखिदैन।यातायत सुविधा वापत मासिक सुविधा प्रदानगरेकोमा पालिको सवारीसाधनको विवरण मागगर्दा पेश नभएकोले गाउपालिकाले अलग्गै सवारीसाधनसमेत उपलव्ध गराए नगराएको एकिन गरी दोहोरो परेकोभए असुल हुनुपर्दछ।साथै निम्न पदाधिकारीको सेवा सुविधा भुक्तानी गर्दा कम करकटी गरेकोले नपुग कर असुल गरी राजश्व दाखिला हुनुपर्ने रु

पदाधिकारी	नाम	सुविधा रकम	करकटी	कटी हुनुपर्ने	नपुग कर
अध्यक्ष	श्री दयानन्द गोइत	५१९०००	५१९	७४१९	६९००
उपाध्यक्ष	श्री रुवी गुप्ता	५२५०००	५२५	८०२५	७५००
जम्मा					१४४००

६			**कानुन निर्माण तथा न्यायिक समिति**	
६.१			कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म बनाएका ऐन, नियमावली, कार्यविधि लगायतका विवरण पेश गरेको छैन ।	
६.२			न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतीका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । तर लेखापरीक्षणको गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लाग्न बाँकी तथा यस बर्ष थप भएको मुदा तथा उजुरी सम्वन्धनी अभिलेख माग गर्दा पेश हुन सकेन।गाउपालिकाले न्याय सम्पादनको अभिलेख नराख्नु उपयुक्त होइन।न्याय सम्पादनको अभिलेखराखी ऐनले तोकेको म्यादभित्र फर्छयौट गर्नुपर्दछ।	
७			**प्रशासनिक कर्मचारी तथा तलवी प्रतिवेदन**	
७.१			**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित केति दरबन्दी स्वीकृत रहेकोतथा हाल केकति पदपूर्ती भएको विवरण पेश नभएकोले एकिन गर्ने आधार भएन।	
७.२			तलबी प्रतिबेदन: निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ मा जिल्ला स्थित निजामती कर्मचारीको कोष तथा लेखा नियन्त्रक कार्यालय बाट तलबी प्रतिबेदन पारीत गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। गाउपालिकाले यो बर्ष तलबी प्रतिबेदन पारित नगराई गाउपालिका चालु र संघीय सरकारबाट हस्तान्तरित चालुको तर्फकावाट तलव खर्च लेखेको पाइयो । तलबी प्रतिबेदन पारीत बेगर खर्च लेखेकोमा तलब तथा ग्रेड सम्बन्धमा एकिन हुने आधार रहेन । तलबी प्रतिबेदन पारीत नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन् सक्ने भएकोले तलबी प्रतिबेदन पारित गराएर तलब भत्ता खर्च गर्नुपर्ने देखिन्छ।	
८			**खरिद व्यवस्थापन कार्य**	
८.१	३३	२०७८-३-२९	भौतिक पूर्वाधार निर्माण: स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व ०७७।७८ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तरगतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । उक्त पुस्तिकामा विद्यालय भौतिक निर्माण कार्यक्रम सञ्चालन गर्दा सम्झौता भएका विद्यालयहरुलाई प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनका आधारमा पहिलो किस्ताका रुपमा कुल अनुदान रकमको ३०% रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताका रुपमा कुल अनुदान रकमको ५०% रकम अनुदान दिने र कार्यसम्पन्न गरे पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताका रुपमा कुल अनुदान रकमको २०%रकम अनुदान दिने व्यवस्था छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (पुँजिगत) तर्फ निम्न विद्यालयलाई रु.४३,००,०००। एकमुष्ठ अनुदान उपलब्ध गराएकोमा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन भौचरसाथ संलग्न गरेको छैन । तसर्थ अनुदान रकमको समुचित प्रयोगको सुनिश्चितताको लागि भौतिक प्रगति भएको प्रमाण तथा नाप जाँच गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.	४,३००,०००

गो.भौ.नं.,मिति	विद्यालयको नाम	कार्यक्रम	निकासा रकम
३३-०७८।३।२९	श्री भगवती रा.प्रा.वि., चन्ही	४ कोठे भवन	३६००००
	श्री पंचायत रजत जयन्ती रा.प्रा.वि., दुधैला	वास सहितको शौचालय निर्माण	७०००००
		जम्मा	४३००००

८.२ विभिन्न २०७८-३-३०

अमानतबाट कार्यः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९८(१)मा सार्वजनिक निकायले अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति लिनुपर्ने व्यवस्था छ । बिभिन्न वडा सचिव एवं अन्य कर्मचारी मार्फत अमानतमा गराएको कामको मूल्यांकन गरी सम्बन्धित वडा सचिव तथा कर्मचारीलाई भुक्तानी दिएको देखिन्छ । अमानतबाट काम गराउनु पूर्व स्वीकृति लिएको देखिदैन । कार्यालयमा रहेका निर्माण उपकरणहरु (ट्याक्टर, लोडर) प्रयोग गरी निर्माण सम्वन्धी सामाग्री खरिद गरी ज्यालामा काम गराउन पर्नेमा सो नगरी कार्यालयले उपभोक्ता समितिलाई कार्य गर्ने दर विष्लेषणको दरमा कर्मचारी मार्फत विभिन्न फर्मबाट सामान खरिद गरी सोही विलको आधार र डोर हाजिरी संलग्न गरी प्राविधिक विलको आधारमा गाउँपालिका पुँजिगततर्फ रु.२,८०,४२२।भुक्तानी दिएको छ । अमानतबाट गर्ने कार्यलाई नियमित तथा मितव्ययी तवरले मात्र संचालन गर्नुपर्दछ । अमानत मार्फत भुक्तानी भएका केही उदाहरण निम्नानुसार छन् :

भौ.नं./मिति	नाम	कामको विवरण	बजेट खर्च रकम
९२-०७८।३।२५	राजाराम यादब	वडा नं.३ मा नाला निर्माण तथा मर्मत सम्भार	९५०६२
१४२-०७८।३।३०	राजकुमार झा	वडा नं.३ को योजनाको खर्च	९५३६०
१५५-०७८।३।३०	चुरामणि शाह	वडा नं.३ र ४ को विभिन्न ठाउँमा माटो ग्राभेल	९००००
जम्मा			२८०४२२

९ **खरिद :**

९.१ विभिन्न भौचरहरु २०७८-१२-२२

अन्य निकायको खर्च : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार गाउँपालिका (पुँजिगत) तर्फका विभिन्न भौचरहरुबाटरु.२०,९३,७२९। भुक्तानी गरेको छ । यसरी खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन् :

गो.भौ.नं., मिति	निकायको नाम	आपूर्तकको नाम	खर्चको विवरण	भुक्तानी रकम
२-०७७।१२।२२	ईलाका प्रहरी कार्यालय, कडरबोना	सियाराम कन्स्ट्रक्शन सप्लायर्स प्रा.लि.	केन्ट मिनरल खानेपानी फिल्टर जडान	३७५१८२
३-०७७।१२।२२	ईलाका प्रहरी कार्यालय, कडरबोना	नायरा कन्स्ट्रक्शन	एल ई डि बोर्ड, ब्याट्री, इन्भर्टर, सिसीटिभी	४८४२०५
४-०७७।१२।२३	वडा नं.५ को सशस्त्र प्रहरी क्याम्प	माँ ज्वालामुखी कन्स्ट्रक्शन	भवन रंगरोगन	२५६४१५
७-०७८।१।१०	वडा नं.५ को सशस्त्र प्रहरी क्याम्प	माँ ज्वालामुखी कन्स्ट्रक्शन	भवन रंगरोगन	२८९७४९
१८-०७८।२।२०	सशस्त्र बेस क्याम्प , वडा नं.४	उपभोक्ता समिति		५८८४२९
१२४-०७८।३।२७	नापी कार्यालय, सप्तरी	सप्तरी हाउजिङ्ग प्रा.लि.	ब्याट्री	९९७४९
	जम्मा			२०९३७२९

९.२	विभिन्न भौचरहरु		स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन,२०६३ को दफा ७ मा उक्त ऐन बमोजिमको कार्यविधि पूरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकायको प्रमुखको हुने उल्लेख छ । कार्यालयले खरिद योजना तयार गरी खरिद योजना बमोजिम तय गरिएको खरिद विधि अनुरुप खरिद कार्यतालिका बमोजिम कार्य गर्नुपर्नेमा समयमै खरिद कार्य संचालन गरेको पाईएन । निम्न बमोजिमका निर्माण कार्यहरु असार महिनामा सम्झौता गरी खर्च गरेको पाईयो । निर्माण कार्यको गुणस्तर समेत परीक्षण गरेको पाईएन । अधिकांश कार्यसम्पन्न प्रतिवेदनहरुमा कार्यसम्पन्न मिति समेत उल्लेख गरेको छैन । खरिद योजना तयार नगरी आर्थिक बर्षको अन्तिम महिना असारमा कार्य गर्दा कामको गुणस्तरीयता नहुन सक्ने, खर्चको दीगोपना नहुन सक्ने तथा मितव्ययिता कायम नहुन सक्ने भएकाले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।	

ब.उ.शि.नं.	भौ.नं./मिति	निर्माण व्यवसायीको नाम	कामको विवरण	सम्झौता मिति	बजेट खर्च रकम
गा.पा.पुँजिगत	५४-०७८।३।२४	मुस्कान खुश्बु कन्स्ट्रक्शन	वडा नं.३ को वलान पारी कार्तिक मास पुर्णयाम योजना	२०७८ असार	४८०४८२
गा.पा.पुँजिगत	५५-०७८।३।२४	एस के निर्माण सेवा	वडा नं.३ को महादेव मन्दिर निर्माण कार्य	२०७८ असार	४८४०४६
गा.पा.पुँजिगत	६७-०७८।३।२४	श्यामा कन्स्ट्रक्शन	वडा नं.३ को स्वास्थ्य चौकीदेखि रामटोलसम्म सडक मर्मत कार्य	२०७८ असार	४८२९४६
गा.पा.पुँजिगत	६८-०७८।३।२४	मेघा कन्स्ट्रक्शन	वडा नं.१ मा जोगिन चौधरी देखि पश्चिम हुँदै पवन चौधरी घरसम्म र पिसिसी ढलान देखि जिवछ चौधरी घरसम्म माटो ग्राभेल	२०७८ असार	४८१४६०
गा.पा.पुँजिगत	६९-०७८।३।२४	एस एन्ड आर निर्माण सेवा	सिरहा रोड देखि बलान नदीको बाँधसम्म जाने बाटोमा माटो भर्ने कार्य	२०७८ असार	३९३८०२
गा.पा.पुँजिगत	८०-०७८।३।२४	तारा निर्माण सेवा	वडा नं.६ को सेहरा मुस्लिमको घरदेखि पूर्व मो.नसीमको घर अगाडि पिसिसी ढलान कार्य	०७८।३।२५ मा दरभाउ माग गरिएको, सम्झौता मिति उल्लेख नभएको	४८३३४९
गा.पा.पुँजिगत	८१-०७८।३।२४	बि आर एन कन्स्ट्रक्शन	वडा नं.६ को सुवधरामको घर देखि टान्सफर्मरसम्म माटो ग्राभेल कार्य	०७८।३।२५ मा दरभाउ माग गरिएको, सम्झौता मिति उल्लेख नभएको	४८१४६०
गा.पा.पुँजिगत	१०२-०७८।३।२५	यादव रीया कन्स्ट्रक्शन प्रा.लि.	वडा नं.१ को अधुरो डिहबार बाबा थान हटिया पूर्व निर्माण	०७८।३।११	४८५७९३
गा.पा.पुँजिगत	१४९-०७८।३।३०	पि.आर. कन्स्ट्रक्शन	वडा नं.४ को योजना	०७८।३।१४	२९००३५
स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	९-०७८।३।२४	ओम रंजित कन्स्ट्रक्शन	वडा नं.६ दुखी महरानको घर देखि अर्जुन दासको घरसम्म माटो ग्राभेल कार्य	०७८।३।१९	२८९१४३

स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	११-०७८।३।२४	एस एच एन्ड सन्स कन्स्ट्रक्शन	वडा नं.४ बेल्हीमा अधुरो दारुल ओलुम मदर्सा निर्माण	०७८।३।१९	२९३१२२
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजिगत	१९-०७८।३।२४	बेहुल बलान निर्माण सेवा	विवाह मण्डप तथा धर्मशाला निर्माण	०७८।३।३	४८४५९८

१०

शिक्षा

गाउपालिकाले सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक गरेको छैन भने प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख समेत तयार गरेको छैन।शिक्षक र कर्मचारीको तलव भत्ता र ग्रेडको रकम खुलेको प्रतिवेदन तयार नगरेको र शिक्षकको तलव भुक्तानीको निमित्त तलवी प्रतिवेदन पारित गरेको समेत नदेखिएकोले यससम्वन्धी एकिन गर्ने आधार रहेन। पालिकाले निकासा अभिलेख खाता तयार नगरेकोले निकासा भिडान गर्न समेत सकिएन।

११

पेश्कीतर्फ

११.१

म्याद ननाघेको पेश्की: आर्थिक कार्यविधितथावित्तीयउत्तरदायित्वनियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलितकानूनबमोजिमदिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रियनिकायले सो को एकीकृत लगत बनाई महालेखानियन्त्रककार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्कीबाँकीको विवरण अनुसार म्याद ननाघेको निम्न बमोजिम पेश्कीनियमानुसार फछर्योट हुनुपर्दछ ।

गो. भौ. न.	पेश्की लिएको मिति	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	पेश्कीको प्रयोजन	पेश्की रकम
२९	२०७८/०३/२४	अन्शुमन नायरा जे भी	बलान बिहुल गा.पा.को भवन निर्माण	४७७००००

११.२

म्याद नाघेको पेश्की: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफुले सम्पन्न गरेको कामको सम्वन्धमा खर्च प्रमाणित गर्ने आवस्यक विल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्वन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ५२ (३) मा कार्यालयले प्रचलित कानुन वमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रिय निकायले सो को एकीकृत लगत बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की बाँकीको विवरण अनुसार म्याद नाघेको निम्न बमोजिम पेश्की नियमानुसार फछर्योट हुनुपर्ने रु

१,०५०,०००

गो. भौ. न.	पेश्की लिएको मिति	पेश्की लिने व्यक्ती, फर्म वा कम्पनीको नाम	पेश्कीको प्रयोजन	पेश्की रकम
८७	२०७८/०३/०६	रासिन्द्र प्रसाद यादव	विद्यालय योजना सुधार निर्माण सम्बन्धी ३ दिने कार्यक्रम सन्चालन	१०००००
८७	२०७८/०३/०६	रासिन्द्र प्रसाद यादव	प्र अ बैठक शिक्षा समिति बैठक विषयगत शिक्षक बैठकमा सहभागी यतायात खर्च अनुगमन र स्टेशनरी खर्च	२०००००
३३	२०७८/०३/१३	विष्णुदेव मघैया	विजली यादवको घर देखी दक्षिण कल्भट सम्म माटो ग्राभेल	५०,०००
३३	२०७८/०३/१३	विष्णुदेव मघैया	कुलोपैनी निर्माण	५०,०००
९१	२०७८/०३/१३	विष्णुदेव मघैया	धर्म संस्कृती तथा खेलकुद	५०,०००
१३७	२०७८/०३/२६	रामनारायण यादव	बिमा तथा नवीकरण खर्च	३०००००
१२८	२०७८/०३/३०	पशुपति महतो	कृषक दर्ता व्यवस्थापन कार्यक्रम	३०००००
	जम्मा			१०५००००

१२			**खरिद व्यवस्थापन**	
१२.१	विभिन्न भौचरहरु	२०७८-३-२७	विजकको ढाँचा : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसुचि ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले गाउँपालिका (पुँजिगत) तर्फका निम्न बमोजिम गोश्वारा भौचरहरुबाट रकम भुक्तानी गरेकोमा संलग्न कर बीजकमा निम्नानुसार कैफियत देखिएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट जारी भएको मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश गर्नुपर्ने रु.	३५४,१९५

गो.भौ.नं., मिति	आपूर्तकको नाम	खर्चको विवरण	जम्मा रकम	मू.अ.कर रकम	कैफियत
१२४-०७८।३।२७	सप्तरी हाउजिङ्ग प्रा.लि.	ब्याट्री	९९७४९	११४७५	बिजक नम्बर केरमेट
९८-०७८।३।२५	ग्रिन वर्ल्ड कन्स्ट्रक्शन प्रा.लि.	माटो ग्राभेल	४८४९३८	५५७८९	कर बिजकमा बिक्रेताको दस्तखत नभएको
१-०७८।३।२९	अन्शुमन नायरा जेभि	गाउँपालिका भवन निर्माण	२४९४१००	२८६९३१	कर बिजकमा बिक्रेताको दस्तखत नभएको
		जम्मा		३५४१९५	

१२.२	विभिन्न			११०,९९५

<table>
<tr><td></td><td>भौचरहरु</td><td></td><td></td><td></td></tr>
<tr><td>१२.३</td><td>६५</td><td>२०७८-३-२४</td><td>बाटो मर्मत सम्भार कार्य ः
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।आर्थिक बर्ष २०७७।७८ मा यस गाउँपालिकाका विभिन्न वडाहरुमा बाटो मर्मत सम्भार कार्यका लागि बोलपत्रका माध्यमबाट छनौट गरी मसानी कन्स्ट्रक्शन एन्ड कन्सल्टेन्ट प्रा.लि.सँग गरिएको सम्झौता अनुसार गोश्वारा भौचर नम्बर ६५ मिति २०७८।३।२४ बाट रु.३०,४०,७७४। बजेट खर्च लेखिएको छ । विभिन्न अन्य गोश्वारा भौचरहरुबाट विभिन्न वडाहरुको सडक निर्माण तथा मर्मत सम्भारका लागि रकम भुक्तानी गरेको अवस्थामा यस भौचरबाट कुन कुन वडाको कुन स्थानदेखि कुन स्थानसम्म सडक मर्मत गरिएको हो भन्ने व्यहोरा नापी किताबमा उल्लेख नगरी निम्न बमोजिमएकमुष्ठ नापीका आधारमा रु.३०,४०,७७४। बजेट खर्च लेखी भुक्तानी गरिएको छ । जस्ले गर्दा अन्य गोश्वारा भौचरहरुबाट सडक मर्मतका लागि भुक्तानी गरिएकोमा यस भौचरबाट दोहोरो भुक्तानी भएको छैन भन्ने सम्बन्धमा यकिन गर्ने स्पष्ट आधार लेखापरीक्षणमा पेश हुन आएन । वडागत रुपमा एवं स्पष्टसँग स्थान समेत खुल्ने गरी प्राविधिक प्रतिवेदन, नापी किताब तथा सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र समेत संलग्न नभएको रु.

<table>
<tr><th>कामको विवरण</th><th>लम्बाई</th><th>चौडाई</th><th>उचाइ</th><th>परिमाण</th><th>दर</th><th>जम्मा रकम(मू.अ.कर बाहेक)</th></tr>
<tr><td>Filling with ordinary Soil in layers of 15 cms including watering and Compaction i Soin Transported By Tractors on Road Side</td><td>९३०</td><td>५</td><td>०।६०</td><td>२७९०घ.मि.</td><td>५३०</td><td>१४७८७००</td></tr>
<tr><td>Providing and Laying granular sub-base on prepared surface, mixing at OMC and compacting to achieve the desired density, complete as per Drawing and Technical Specifictions.</td><td>९३०</td><td>४</td><td>०।१५</td><td>५५८घ.मि.</td><td>२०२५</td><td>११२९९५०</td></tr>
</table>
</td><td>३,०४०,७७४</td></tr>
<tr><td>१२.४</td><td>विभिन्न भौचरहरु</td><td>२०७८-३-२९</td><td>जिन्सी खातामा आम्दानी नबाँधेको –ः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफनो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न बमोजिम गोश्वारा भौचरहरुबाट विभिन्न मालसामान खरिद गरी आपूर्तकलाई भुक्तानी दिएकोमा खरिद गरिएका मालसामानहरु जिन्सी खातामा दाखिला नगरेको रु.</td><td>१,६९०,८०१</td></tr>
</table>

ब.उ.शि.नं.	गो.भौ.नं., मिति	आपूर्तकको नाम	खर्चको विवरण	जम्मा रकम
गा.पा.पुँजिगत	५-०७८।१।९	वृजेन्द्र फर्निचर उद्योग, लहान	बक्स पलङ्ग १ थान	६११३३
गा.पा.पुँजिगत	१२६-०७८।३।२७	इन्टरफेस आइटी सोलुसन	एसुस आई फाईभ ल्यापटप २ थान (मू.अ.कर समेत रु. २,४९,७३०।), ब्रदर प्रिन्टर ३ थान (मू.अ.कर समेत रु.१३४९२२।) र क्यानन प्रिन्टर (मू.अ.कर समेत रु. ९६६१५।)	४८६१२६
गा.पा.पुँजिगत	१३०-०७८।३।२९	सिभिल वर्क कन्सल्टेन्सी प्रा.लि.	सिंचाईको सम्भाव्यता अध्ययन	४९८८२१
गा.पा.पुँजिगत	१३२-०७८।३।२९	मानव विकास केन्द्र	पर्यटन स्थलको खोजी पहिचान र सम्भाव्यता अध्ययन प्रतिवेदन	३९८८९०
गा.पा.पुँजिगत	१३८-०७८।३।३०	अम्बिका अफसेट प्रेस र अम्बिका सप्लायर्स एन्ड टेडर्स	मायाको चिनो, कदर पत्र फ्रेम सहित, फोटोकपी पेपर	१७६०५४
संघीय सशर्त पुँजिगत	१७-०७८।३।२३	शुभम स्टील फर्निचर	अफिस दराज १ थान, डब्बल टेबल १ थान	६९७७७
		जम्मा		१६९०८०१

१२.५	विभिन्न	२०७८-३-२४	श्रेष्ता पेश नभएको : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३५ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी बैंक नगदी किताबमा बजेट खर्च लेखिएका विभिन्न गोश्वारा भौचरहरु श्रेष्तासाथ संलग्न रहेको छैन । स्थलगत लेखापरीक्षणका क्रममा पटक पटक माग गर्दा	४,५९७,३८४

समेत निम्न बमोजिम गोश्वारा भौचरहरुसँग सम्बन्धित श्रेष्ता लेखापरीक्षणमा पेश भएन । श्रेस्ता अद्यावधिक नगरी खर्च भएको सम्बन्धमा कार्यालयले सो खर्चको प्रमाण पेश गर्नुपर्ने अन्यथा कार्यालयले छानविन तथा यकिन गरी पुष्टि हुन नसकेको रकम असुल गर्नुपर्ने रु.

ब.उ.शि.नं.	भौ.नं./मिति	नाम	बजेट खर्च रकम
संघीय सशर्त पुँजिगत	११-०७८।३।१५	श्यामा कन्स्ट्रक्शन ठेक्का नं.०६।०७६।७७	१७१८०२९
गा.पा.पुँजिगत	६४-०७८।३।२४	मुस्कान खुश्बु कन्स्ट्रक्शन ठेक्का नं.११।०७७।०७८	२५९०३५५
गा.पा.पुँजिगत	८२-०७८।३।२४	वडा नं.६ को सेहरा मा.वि.को भवनमा तेश्रो तल्ला थप्ने कार्य बापत भुक्तानी	२८९०००
		जम्मा	४५९७३८४

१३			**खरिद व्यवस्थापन सम्बन्धमा**	
१३.१	विभिन्न		न्यून प्रतिस्पर्धा : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४१ मा उल्लेखित अवस्थामा मात्र निर्माण कार्य सोझै गराउन सकिने र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(६) मा सोझै खरिद गरिएको निर्माण कार्यको निर्माण व्यवसायीको नाम खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने तथा नियम ८६ मा प्रस्तावित निर्माण व्यवसायीबाट प्रस्ताव गरिएको मूल्य उचित भए नभएको कुरा यकिन गर्न सार्वजनिक निकायले बजार अध्ययन, पूर्व खरिद मूल्य, लागत अनुमानका आधारमा दर बिश्लेषण गरी प्रस्तावित निर्माण व्यवसायीसँग वार्ता गर्न सक्ने व्यवस्था छ । त्यस्तै सार्वजिनक खरिद ऐन: २०६३ को दफा २४(ङ) मा दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारवाही गर्न नहुने, त्यसै गरी ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी दाखिला गरेको प्रमाणित भएमा त्यस्तो बोलपत्र रद्द हुने व्यवस्था छ । कार्यालयले निम्न बमोजिमको निर्माण कार्य सोझै खरिद विधिको माध्यमले निर्माण व्यवसायीबाट गराएकोमा लागत अनुमानको रकम र सम्झौता रकमबीच तुलना गर्दा लागत अनुमानको हाराहारीमा नै ठेक्का सम्झौता भएको देखियो । कार्यालयले सोझै खरिद गर्नुपूर्व निर्माण व्यवसायीबाट प्रस्ताव गरिएको मूल्य उचित भए नभएको कुरा यकिन नगरी तथा सार्वजनिक समेत गरेको पाईएन । कानूनमा व्यवस्था भए अनुसार पर्याप्त प्रतिस्पर्धा सुनिश्चत गर्न मिलेमतो भएनभएको सम्बन्धमा यकिन गरी नियमानुसार खरिद कार्य गर्नुपर्दछ । उदाहरणहरु :	

ब.उ.शि.नं.	भौ.नं./मिति	निर्माण व्यवसायीको नाम	कामको विवरण	लागत अनुमान(मू.अ.कर समेत)	बजेट खर्च रकम
गा.पा.पुँजिगत	५४-०७८।३।२४	मुस्कान खुश्बु कन्स्ट्रक्शन	वडा नं.३ को वलान पारी कार्तिक मास पुर्णयाम योजना	४८७२३५	४८०४८२
गा.पा.पुँजिगत	५५-०७८।३।२४	एस के निर्माण सेवा	वडा नं.३ को महादेव मन्दिर निर्माण कार्य	४८७४९४	४८४०४६
गा.पा.पुँजिगत	६७-०७८।३।२४	श्यामा कन्स्ट्रक्शन	वडा नं.३ को स्वास्थ्य चौकीदेखि रामटोलसम्म सडक मर्मत कार्य	४८६८८०	४८२९४६
गा.पा.पुँजिगत	६८-०७८।३।२४	मेघा कन्स्ट्रक्शन	वडा नं.१ मा जोगिन चौधरी देखि पश्चिम हुँदै पवन चौधरी घरसम्म र पिसिसी ढलान देखि जिवछ चौधरी घरसम्म माटो ग्राभेल	४८४९४०	४८१४६०
गा.पा.पुँजिगत	६९-०७८।३।२४	एस एन्ड आर निर्माण सेवा	सिरहा रोड देखि बलान नदीको बाँधसम्म जाने बाटोमा माटो भर्ने कार्य	३८७६६१	३९३८०२
गा.पा.पुँजिगत	८०-०७८।३।२४	तारा निर्माण सेवा	वडा नं.६ को सेहरा मुस्लिमको घरदेखि पूर्व मो.नसीमको घर अगाडि पिसिसी ढलान कार्य	४८४४३५	४८३३४९
गा.पा.पुँजिगत	८१-०७८।३।२४	बि आर एन कन्स्ट्रक्शन	वडा नं.६ को सुवधरामको घर देखि टान्सफर्मरसम्म माटो ग्राभेल कार्य		४८१४६०
गा.पा.पुँजिगत	१०२-०७८।३।२५	यादव रीया कन्स्ट्रक्शन प्रा.लि.	वडा नं.१ को अधुरो डिहबार बाबा थान हटिया पूर्व निर्माण	४८९९६२	४८५७९३
गा.पा.पुँजिगत	१४९-०७८।३।३०	पि.आर. कन्स्ट्रक्शन	वडा नं.४ को योजना	२९१०००	२९००३५
स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	९-०७८।३।२४	ओम रंजित कन्स्ट्रक्शन	वडा नं.६ दुखी महरानको घर देखि अर्जुन दासको घरसम्म माटो ग्राभेल कार्य	२९१२३३	२८९१४३
स्थानीय पूर्वाधार बिकास	११-०७८।	एस एच एन्ड	वडा नं.४ बेल्हीमा अधुरो दारुल ओलुम मदर्सा निर्माण	२९७१३०	२९३१२२

साझेदारी कार्यक्रम	३।२४	सन्स कन्स्ट्रक्शन			
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पुँजिगत	१९-०७८।३।२४	बेहुल बलान निर्माण सेवा	विवाह मण्डप तथा धर्मशाला निर्माण	४९०५१५	४८४५९८

१३.२	१५७	२०७८-३-३१	गोश्वारा भौचर नम्बर १५७, मिति २०७८।३।३१ बाट सप्तरी निर्माण सेवालाई वडा नं.२ को सिराहा रोडदेखि शिबकुमार गोइतको घरसम्म माटो ग्राभेल कार्यको रु.२,९९,७२४। बजेट खर्च लेखिएकोमा भौचरसाथ नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु.	२९९,७२४
१३.३	६९	२०७८-३-२४	बढी भुक्तानी ः गोश्वारा भौचर नम्बर ६९ मिति २०७८।३।२४ बाट सिरहा रोड देखि बलान नदीको बाँधसम्म जाने बाटोमा माटो भर्ने कार्यको लागि एस एन्ड आर निर्माण सेवालाई भौचरसाथ संलग्न नापी किताब एवं कार्यसम्पन्न प्रतिवेदन अनुसार मूल्य अभिवृद्धि कर समेत रु.३,८४,८०२। को कार्य भएकोमा रु.३,९३,८०२। खर्च लेखिएकाले बढी भुक्तानी भएको रु.९०००। सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु	९,०००
१३.४	५४	२०७८-३-२४	गोश्वारा भौचर ५४, मिति २०७८।३।२४ बाट मुस्कान खुस्बु कन्स्ट्रक्शनलाई वडा नं.३ को वलान पारी कार्तिक मास पर्णयाम योजनाको कार्य बापत रु.४,८०,४८२। बजेट खर्च लेखिएकोमा भौचरसाथ संलग्न दरभाउपत्रहरु परीक्षण गर्दा दरभाउपत्रदाताहरुको नाम, छाप तथा दस्तखत गरेको पाईएन । जसले गर्दा खरिद कार्य प्रतिस्पर्धात्मक, मितव्ययी भएको सम्बन्धमा आश्वस्त हुन नसकिएको रु.	४८०,४८२
१३.५	५६	२०७८-३-२४	वितरणको प्रमाण ः गो.भौ.नं.५६, मिति २०७८।३।२४ बाट मेघा इन्फोसिसलाई एक विद्यालय एक कम्प्युटर खरिद कार्यक्रमको लागि डेल डेस्कटप आई फाईभ कम्प्युटर ४ थान , ब्रदर प्रिन्टर ४ थान, युपिएस ४ थान र डेल ल्यापटप आई फाईभ १ थान खरिद गरी रु. ४,९९,९९७। बजेट खर्च लेखेकोमा विद्यालयलाई खरिद गरिएका मालसामान वितरण नगरी स्टोरमा मौज्दात रहेको पाईयो । कार्यक्रम अनुसार वितरण गरी सम्बन्धित विद्यालयको जिन्सी खातामा आम्दानी गरेको प्रमाण लिई कार्यक्रमको लक्ष्य अनुरुप कार्यान्वियन गर्न अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।	
१३.६	विभिन्न		लागत अनुमान तयार नगरी खरिद : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयार नगरी ३ वटा फर्मबाट कोटेशन लिई न्यूनतम दरभाउपत्र दाताबाट खरिद गरेको छ । नियममा भएको व्यवस्था अनुसार लागत अनुमान तयार गरी खरिद व्यवस्था मितव्ययी एवं प्रभावकारी तवरले गर्नुपर्दछ ।	

ब.उ.शि.नं.	भौ.नं./मिति	आपूर्तकको नाम	मालसामान	बजेट खर्च रकम
गा.पा.पुँजिगत	८-०७८।१।१२	टु टेक आई टि ट्रेडर्स एन्ड सप्लायर्स	सिसीटिभी कलर भ्यू ७ थान, पिटिजेड आउटडोर क्यामरा, एनभिआर ७६०० सेरिज समेत ९ आईटम	३९३१५२
गा.पा.पुँजिगत	४७-०७८।३।२३	शुभम स्टील फर्निचर	फर्निचर फिक्चर्स	४९९५७२
गा.पा.पुँजिगत	५६-०७८।३।२४	मेघा इन्फोसिस	एक विद्यालय एक कम्प्युटर खरिद	४९९९९७
गा.पा.पुँजिगत	८५-०७८।३।२४	सनराईज स्टील फर्निचर सेन्टर	ओपेन रयाक, अफिस दराज, प्लास्टिक कुर्सी	४३६४३९
गा.पा.पुँजिगत	८६-०७८।३।२४	इन्टरफेस कम्प्युटर सिस्टम	मेशिनरी सामान खरिद	४९६३५२
गा.पा.पुँजिगत	१२६-०७८।३।२७	इन्टरफेस आई टि सोलुसन	मेशिनरी सामान खरिद	४८६१२६
प्रदेश सशर्त पूँजिगत	७-०७८।३।३०	ए.आर.टेडर्स एन्ड सप्लायर्स	बायोमेटिक इ एटेन्डेन्स खरिद	३४९५५०
संघीय सशर्त पुँजिगत	२०-०७८।३।२४	निधि टेडर्स एन्ड सप्लायर्स	डेल डेस्कटप आई फाईभ कम्प्युटर	३२६९००
	जम्मा			३४८८०८८

१४			**कार्यालय संचालन तथा मसलन्द खर्च**	
१४.१			**कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मिक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामानमा रु. ६३५९६०८ र छपाइ तथा सूचना प्रकाशनमा रु ४९७८७८ खर्च लेखेको छ ।पाप्स लागू भएको देखिएपनि कार्यालय सामाग्रीको माग फारम खरिद आदेश र जिन्सी दाखिला लगायत पाम्समा प्रविष्टि गरेको देखिदैन। कतिपय म्यानुअल दाखिला प्रविष्टि गरेकोमापनि मिति र नम्वर उल्लेख भएको नदेखिएकोले खरिद गरिएको र सामाग्री कार्यालयले प्राप्त गरेको भनी एकिन गर्ने आधार भएन। सामानको आवश्यकता तथा परिमाण	

https://nams.oag.gov.np

			शुरुमै निश्चित गरी लागत अनुमान तायारगरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्ने र माप्सको पूर्णरुपमा कार्यान्वयन गर्नेतर्फ कार्यालयले ध्यान दिनु जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।	
१४.२	१६९	२०७८-३-३०	**नन्फाइलर–** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायको फर्मलाई मू.अ.कर रु. २८७६१ समेत रु. भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. गोभौ न र मिति: १६९।०३।३० ; आपुर्तक: दिप ट्रेडर्स पान न ६०३१५९७९० ; सामाग्री: मसलन्द सामाग्री ; करयोग्य मुल्य: २२१२३९ ; मुअकर: २८७६१ ; मुअकर भुक्तानी: २८७६१ ; ननफाइलर: ०७८।०३	२८,७६१
१४.३	१३६	२०७८-३-२६	**घरभाडा तथा पानी विजुली भुक्तानीः** गाउपालिकाले घरभाडा र पानी विजुली वापत रु ६०८००० खर्च लेखेकोमा घरभाडावापत दिपेश मरिक यादवलाई रु १००८०० भुक्तानी गरेको छ। मासिक रु ४००० कादरले १ वर्षको रु ४८००० भुक्तानी गर्नुपर्नेमा रु १००८०० भुक्तानी गरेकोले रु ५२८००० वढी भुक्तानी गरेको देखिन्छ।यसैगरी विजुली खपतवापत श्री ग्रामिण सामुदायिक विकास केन्द्रलाई नगदी रिसद संलग्नगरी गुदर चौधरीलाई रु ३९५६८७ भुक्तानी गरेको देखिन्छ। नगदी रसिदमा आव २०७७।०७८ लेखिएकोमा २४ महिनाको भुक्तानी भनिएको तथा केकति युनिट कुनदरमा खपत गरेको उल्लेख गरिएकोछैन। अत घरभाडातर्फ वढी भुक्तानी र संस्थालाई भुक्तानी नगरी व्यक्ति विशेषलाई भुक्तानीको कारण र विजुली खपततर्फ खपतको विवरण पेशहुनुपर्ने रु	४४८,४८७
१४.४			**विज्ञापनमा वढी भुक्तानीः** गाउपालिकाले सुचना प्रकासनवापत मिराड नेपाललाई भ्याट सहित प्रति सिसी रु १५२५।५० दरले ४*१९ सिसीको रु ९५५०० भुक्तानी गरेकोमा प्रकासित सुचना मापनगर्दा ३*१९ सिसीमात्र रहेको देखिन आएकोले रु ८६९५३।५० मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ। अत नपुग सिसिको सुचना प्रकासन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा वढी भुक्तानी भएको असुल हुनुपर्ने रु	८,५४६
१५			**सेवातथा परामर्श खर्च**	
१५.१			**कर्मचारीकरार:**स्थानीयसरकारसञ्चालनऐन, २०७४कोदफा८३मा स्थानीयतहले आफ्नो अधिकारक्षेत्रर कार्यबोझको विश्लेषणगरी संगठनतथा व्यवस्थापन सर्भेक्षणकोआधारमा स्थायीरसेवाकरारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्नेरअस्थायी दरबन्दी सृजना गर्ननहुने व्यवस्थाछ। पालिकाले यसवर्षक करार सेवा शुल्कवापत रु ७६२३३८० खर्च लेखेकोमा पालिकालेविभिन्न पदमा के कति जना करारमा राखी काम गराएको सम्वन्धमा विवरण तयार गरेको देखिदैन। करारको कर्मचारीको सम्झोता म्याद थप छनोट प्रकृया लगायतका कागजात पेश हुन नसकोले पालिकाले आवश्यक भन्दा बढी र सम्झौता नगरी कर्मचारी करारमा राखेको छैन भन्न सकिएन भने करारको कर्मचारीको छनोट प्रकृयासम्वन्धमा समेत एकिन गर्ने आधार रहेन। सङ्गठन व्यवस्थापन सर्वेक्षणबाट दरवन्दी स्वीकृत नगरी कर्मचारी राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।	
१५.२	१६७	२०७८-३-३०	**भुक्तानीमा कर–** आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु ११७६० अग्रिम कर कट्टी गरेको छ्रैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.	११,७६०

गोभौनं./मिति	विवरण	भुक्तानी रकम	करको दर	कर रकम
	नगरपालिका चालु			
१६७।०७७।०३।३०	मुद्दा मामिलामा परामर्श गरेवापत जय किशोर गोइतलाई भुक्तानी	८४०००	१५ प्रतिशत करकटी गर्नुपर्नेमा १ प्रतिशतमात्रकटी गरेकोले १४ प्रतिशत नपुग	११७६०

१५.३	०७८	२०७७-१२-१२	**सफ्टबेयर खरिदः** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । गाउपालिकाले तलव हिसाव खाता व्यवस्थापन प्रणाली जडान गरेकोभनी गभर्नेन्स अटोमेसनलाई रु ४००००० भुक्तानी गरेकोमा सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । साथै १५०।०७८।०३।२९ मा एकिकृत सफ्टवेयर खरिद गरेकोभनी फिनिक्स सोलुसनलाई रु १९८५००० भुक्तानी गरेकोमा सम्झौता फाइल पेशहुनुपर्ने रु	१,९८५,०००
१६			**गाउपालिकातर्फका तालिम तथा कार्यक्रमखर्च**	
१६.१	९४	२०७८-३-१४	**कर्मचारी तालिमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।गाउपालिकाले कर्मचारीलाई ६ दिन तालिम उपलब्ध गराएको खर्चवापत नासु रामलखन साहलाई रु ५ लाख भुक्तानी गरेको छ।संलग्न तस्विरमा तालिम कार्यक्रम पालिकाको सभाहलमा संचालन भएकोमा समेत हल भाडाभनी ४ दिनको रु ६० हजार भुक्तानी गरेको छ।प्रशिक्षक भत्ता भनी श्री रामाधिन यादवलाई प्रति सेसन रु ३४०० कादरले ४८ सेसनको रु १६८००० र यातायात वापत रु २४००० भुक्तानी गरेकोमा सम्झौता र नर्म्सको आधारमा दररेट निर्धारण गरेको देखिएन भने प्रशिक्षकको प्रमाणपत्रसमेत संलग्न छैन।कार्यालयको हलमा कार्यक्रम संचालन भएकोअवस्थामा समेत ५० कर्मचारीको यातायत खर्चवापत रु १२०००० भुक्तानी गरेको छ।खाना खाजा तथा स्टेसनरी लगायतको खर्चमा मित्तव्ययिता कायम गरेको देखिदैन।कार्यसम्पन्न पस्चात प्रगति प्रतिवेदनसमेत तयार गरेको देखिदैन। अत कार्यालयको सभाहलमा संचालन भएको तालिममा भाडा वापतको भुक्तानी रु ६०००० मा रु ६००० करकटी गरी वाकि तथा यातायात खर्चवापतको रु १२०००० भुक्तानी दिएको थपएकिन गरी असुल हुनुपर्ने रु	१७४,०००
१६.२	१४०	२०७८-३-२७	**पत्रकारिता तालिमः** १४०।०७८।०३।२७आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। गाउपालिकाले पत्रकारिता तालिम संचालनगरेको भनी विजनेश विथ टेक्नोलोजी प्रालिलाई रु १९९७०० भुक्तानी गरेको छ। तालिम संचालन गर्नको निमित्त लागत अनुमान आन्तरिक टिप्पणी एवम सार्वजनिक सुचना प्रकासन गरेकोछैन भने तालिममा सहभागिताको नामनामेसी उपस्थिति र प्रमाणपत्र वितरण गरेको प्रमाण उपलब्ध हुन सकेन। अत संचालन भएको तालिमको लागत अनुमान सहभागीको उपस्थिति र वितरण गरिएको प्रमाणपत्र पेशहुनुपर्ने रु	१९७,७००
१६.३	१७८	२०७८-३-३१	**तरकारी विउ कम्पोजिट वितरणः**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।गाउपालिकाले तरकारी विउ कम्पोजिट वितरण गरेकोभनी कृषि प्राविधिक पशुपति महतोको रु १ लाख पेश्की फर्छयौट गरेको छ। वितरणगर्नको निमित्त सार्वजनिक सुचना प्रकासन गरेको देखिएन भने कृषक छनोटको आधार समेत देखिदैन। के कस्तो कार्यक्रम भएको भन्ने सम्वन्धमा कार्यक्रम अनुगमन गरेको देखिदैन भने प्रगति प्रतिवेदनसमेत संलग्न छैन।अत सार्वजनिक कोषवाट खर्चगर्दा कार्यविधि निर्माणगरी प्रतिस्पर्धात्मक तथा पारदर्शी तवरले कार्यक्रम संचालन गर्नुपर्दछ।	

१६.४	१८१	२०७८-३-३१	कृषि तालिमः १८१।०३।३१ प्रदेश २ सरकारले जारी गरेको प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ मा कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयकै श्रोतव्यक्ति प्रशिक्षक भएमा कक्षा लिएवापतको पारिश्रम नपाइने व्यवस्था छ। गाउपालिकाले कृषि अन्तर्गत करेसावारी तालिम संचालनवापत वृजेश कुमार झाको रु १ लाख ७५ हजार पेश्की फर्छयौट गर्दा करेशावारी सम्वन्धी अगुवा तालिममा प्रशिक्षण गरेकोभनी पालिकाकै कर्मचारीलाई प्रशिक्षण भत्ता र अनुगमन भत्ता भुक्तानी गरेको छ। करेशावारी सम्वन्धी अगुवा तालिम संचालन गर्दा रु ७५००० भुक्तानीमा ३५ जना कृषक सहभागी भएकोभनी रु ८०० कादरले ३५ जनालाई रु २८००० सहभागिता भत्ता खाना खाजाका विल र प्रशिक्षक र अनुगमन भत्ता भुक्तानी गरेकोमा कर्मचारीले लिएको प्रशिक्षक भत्ता र अनुगमन भत्ता करकटी गरी असुल हुनुपर्ने रु	१५,२००

कर्मचारीको पद र नाम	भत्ताको प्रकृति	दर रु	दिन	जम्मा रकम	करकटी	खुद भुक्तानी
अ छैठौ नथुनी मण्डल	अनुगमन	१०००	२	२०००	३००	१७००
सुअ सुरेन्द्र कुमार यादव	अनुगमन	१०००	२	२०००	३००	१७००
सहायक मन्जु प्रसाद यादव	अनुगमन	१०००	२	२०००	३००	१७००
एमआइएस परमेश्वर गुप्ता	अनुगमन	१०००	२	२०००	३००	१७००
नासु उदय शंकर मल्लिक	अनुगमन	१०००	२	२०००	३००	१७००
कृषि अधिकृत मुसहरु साह	प्रशिक्षक भत्ता	१०००	३ कक्षा	३०००	४५०	२५५०
कृषि प्राविधिक पशुपति महत्तो	प्रशिक्षक भत्ता	१०००	३ कक्षा	३०००	४५०	२५५०
नाप्रास व्रजेश कु झा	प्रशिक्षक भत्ता	१०००	२ कक्षा	२०००	३००	१७००
	जम्मा			१८०००		१५३००

१६.५	१०७	२०७८-३-२३	**स्वयम सेविकाको मासिक प्रोत्साहन भुक्तानीः** गाउपालिकाले ४५ जना स्वस्थ्य सेविकालाई मासिक रु १००० कोदरले १२ महिनाको यातायात खर्च रु ५ लाख ४० हजार भुक्तानी गर्दा स्वयमसेविकाको वैकखातामा जम्मा भएको देखिएन। स्वास्थ्य सहसंयोजकलाई भुक्तानीगरी स्वयमसेविकालाई वितरण गरेको भरपाई संलग्न गरेको देखियो। यस्ता कार्यमा नियन्त्रणगरी स्वयमसेवको वैकखातामा जम्मा गर्नुपर्दछ।	
१६.६	१८१	२०७८-३-३१	यसैगरी १८१।०७८।०३।३१ वाटनै कृषि तालिम संचालन गरेवापत रु १ लाख खर्च लेखेकोमा किटनासक औषधी खरिदको दाखिला गरेको देखिदैन भने वितरणको भरपाईमा मितिनै उल्लेख छैन। अत दाखिला प्रतिवेदन तथा वितरणको भरपाई पेशहुनुपर्ने रु	१००,०००
१७			**अनुगमन तथा भ्रमण खर्च**	
१७.१				

			भ्रमण अभिलेख एवं प्रतिबेदनः भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेकोभनी रु १०००००० भ्रमण खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन ।, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान राजविराजलगायतकोसमेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन ।कतिपय भ्रमण आदेश र भ्रमण विलमा भ्रमणगर्ने र स्वीकृतगर्ने कर्मचारीको हस्ताक्षर नभएको एवम वर्षको सुरुवातका भ्रमण विलसमेत अन्त्यतिर पेशगरी हालको कार्यालय प्रमुखवाट स्वीकृत गराएको नियमित मान्न सकिएन। नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
१७.२			**पदाधिकारीको अनुगमन भत्ताः**प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐनको अनुसूचिको ख मा पदाधिकारीको अनुगमन भत्ताको व्यवस्था गरेको छ। अनुगमन प्रतिवेदन संलग्न गरी मासिक वढीमा ३ पटकसम्मको अनुगमन भत्ता उपलव्ध गराउन सकिने व्यवस्था रहेकोछ। तर गाउपालिकाले अनुगमन प्रतिवेदन वेगरनै कैले कुनमितिमा कुन योजना अनुगमन गरेको विवरणनै संलग्न नगरी गापा अध्यक्ष उपाध्यक्ष तथा ६ वडाअध्यक्ष र गापा सदश्यलाई तथा कर्मचारीलाई रु ५५५००० अनुगमन भत्ता भुक्तानी गरेकोका पदाधिकारीको मासिक ३ वटा अनुगमन भत्ता नाघे ननाघेको एकिन गर्ने आधार भएन भने कर्मचारीले पालिकाभित्रकै योजनामा अनुगमन गरेवापतको भत्ता वितरण गर्न सक्ने कानुनी आधार पेशहुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	५५०,०००

पद	नाम	अनुगमन भत्ता	करकटी	खुद रकम	कैफियत
गापा अध्यक्ष	दयानन्द योइत	५४०००	८१००	४५९००	अनुगमन प्रतिवेदन वेगर भुक्तानी भएकोले कुन योजनामा कैले अनुगमन गरेको तथा मासिक अनुगमनवापतको ३ वटा भत्ताको सीमा नाघेननाघेको एकिन गर्ने आधार पेशहुनुपर्ने
गापा उपाध्यक्ष	रुवी गुप्ता	९००००	१३५००	७६५००	
वडा अध्यक्ष	वैजनाथ यादव	१२०००	१८००	१०२००	
वडा अध्यक्ष	विरेन्द्र गोइत	१२०००	१८००	१०२००	
वडा अध्यक्ष	कपलेश्वर मण्डल	१२०००	१८००	१०२००	
वडा अध्यक्ष	हंसु मिया	१२०००	१८००	१०२००	
वडा अध्यक्ष	विन्देश्वर यादव	१२०००	१८००	१०२००	
वडा अध्यक्ष	सुर्य कुमार दास	१२०००	१८००	१०२००	
गापा सदश्य	हरि प्रसाद राम	७२०००	१०८००	६१२००	
	कर्मचारीतर्फ				
नासु	राम लखन साह	५४०००	८१००	४५९००	पालिकाभित्रकै योजनामा अनुगमन गरेको अलग्गै भत्ता वितरण गर्न सक्ने कानुनी आधार पेशहुनुपर्ने अन्यथा असुल हुनुपर्ने
सवइन्जिनियर	संतोष कुमार रजक	६४५००	९६७५	५४८२५	
सवइन्जिनियर	दिनेश कुमार यादव	४२०००	६३००	३५७००	
असव इन्जिनियर	श्रवण कुमार साह	६४५००	९६७५	५४८२५	

समाजिक परिचालक	विजय कु सेठ	४२०००	६३००	३५७००	
जम्मा		५५५०००	८३२५०	४७१७५०	

१७.३	१३९	२०७८-३-२६	**अवलोकन भ्रमणः**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।गाउपालिकाले विशिष्ठ व्यक्तित्वको अवलोकन भ्रमण गरेकोखर्चभनी रु ४ लाख खर्च लेखेको छ।१ दिनको अवलोकन भ्रमणमा समेत ५ दिनको २१ थान विविध खर्चको विल संलग्न गरेको छ। अवलोकन भ्रमणको उपस्थितिसमेत संलग्न छैन। यस्ता कार्यमा खर्च गर्ने प्रवृत्तिमाथि नियन्त्रण गरी पूर्वाधारजन्य विकास निर्माणको कार्यमा खर्च गरी वजेट तथा कार्यक्रमको उदेश्य प्राप्त गर्न ध्यान दिनु पर्दछ ।	
१८			**विविध खर्च**	
१८.१			**विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फमात्रै रु ३६९४८७५ खर्च गरेको छ । के कस्तो कार्यक्रममा के कति सहभागी भएको र केकति खाना खाजा तथा चियालगायतमा खर्च भएको खर्चको कच्चेवारी वनाएको देखिएन। खर्चलेखेका कतिपय विलहरुमा मिति र प्रयोजनसमेत खुलेको देखिदैन। अधिकांसत एकै होटलको ३० देखि ४० प्यानविल संलग्नगरी एकमुष्ट भुक्तानी गरेको देखियो।होटलका विलको सिलसिलेवार नम्वरसमेत मिलेको देखिदैन। अत कार्यालयको कार्यक्रममानै विविध खर्च भएको र मित्तव्ययी तवरले खर्च भएको भनी एकिन गर्ने आधार भएन।सार्वजनिक कोषवाट खर्चगर्दा प्रचलित खर्चको मापदण्डको आधारमा मित्तव्ययीतवरले केकस्तो कार्यक्रममा खर्चभएको कच्चेवारी संलग्नगरेरमात्र खर्च लेखिनुपर्दछ। उदाहरणको रुपमा गोभौ न ४२।०७८।१२।२६ मा गाउपालिकाले अंजली होटलको विल संलग्नगरी रु ८०१९३५ अंजली होटललाई भुक्तानी गरेकोमा प्रयोजन खुलेको देखिदैन।	
१८.२	१७३	२०७८-३-३०	**वडा संचालन खर्चवाट क्वारेन्टाइन खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।गाउपालिकाले वडासंचालन खर्च वापत वाड न ६ मा क्वारेन्टाइन संचालन खर्चभनी रु ५००००० दोरिकलाल दासलाई भुक्तानी गरेको छ।जसअन्तर्गत दैनिक ३५० कादरले ४३ दिनको क्वारेन्टाइनमा खाना खुवाएकोभनी रु २५४५०० पवन कुमार साहलाई नगद भुक्तानी गरेको भरपाईसमेत संलग्न गरेकोछ।दैनिक क्वारेन्टाइनमा रहेका विरामीको सख्या खुल्ने रजिष्टर संलग्न छैन। क्वारेन्टाइनमा खटिएकोभनी ४३ दिनको २ जनालाई रु ८६००० भुक्तानी गरेकोमा हाजिरी प्रमाणित गरेको डोर हाजिर संलग्न छैन भने अन्य क्वारेन्टाइन निर्माण सामाग्री वापतको रु ९१९४० र थप खानानास्ताको विल रु ५४१४० संलग्न गरी खर्च लेखेकोमा विल भरपाई जम्मा रु ४८६५८० कोमात्र सलग्न गरेको छ। अत क्वारेन्टाइनमा वसेकालाई खाना खुवाएको रु २५४५०० को दैनिक विरामीको रजिष्टर एवम प्रमाणित डोर हाजिर वेगर भुक्तानी भएको रु ८६००० र विलभरपाई भन्दा वढी खर्च लेखिएको रु १३४२०को नपुग प्रमाणित विलभरपाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु	३५३,९२०
१९			**सवारीसाधन भाडा तथा इन्धन र मर्मत खर्च**	
१९.१			**सवारीसाधन भाडाः**कार्यालयको दैनिक कामकारवाहीको लागि तथा पदाधिकारीको निमित्त समेत विभिन्न समयमा सवारीसाधन भाडामा लिएवापत रु १६ लाख ९४ हजार ८०० खर्चलेखेको देखिन्छ। सवारी साधनको दर निर्धारण तथा छनोटको आधार र कतिपयमा प्रयोजनसमेत खुलेको देखिदैन। सम्झौता वमोजिमको सवारीसाधन स्वामित्वभएकोलाई	

			भुक्तानी गर्नुपर्नेमा अन्य व्यक्तिलाई समेत भुक्तानी गरिएको देखिन्छ।अत यस्ता कार्यलाई तत्काल नियन्त्रण गरिनुपर्दछ। कार्यालयको कामको प्रकृति र कार्य व्यस्तताको दृष्टिकोणले कार्यालय प्रयोजनको लागिमात्र खरिद ऐन तथा नियमावलीले निर्धारण गरेको प्रकृया अवलम्वन गरेरमात्र सवारी साधन भाडामा लिनुपर्दछ।	
१९.२			**इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन (पदाधिकारी) मा रु.१०००००० र इन्धन कार्यालय प्रयोजनमा रु २०००००० खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैनभने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।इन्धनको विल संलग्न गरेपनि केकति इन्धन कुन मितिमा कुन सवारीसाधनमा प्रयोग भएको कुपन संलग्न भएको छैन। कर्मचारीले प्रयोग गरेको कार्यालयको र निजी सवारीसाधनमा समेतमा इन्धन प्रयोग गरेको देखिएकोमा यस्तो सुविधा उपलव्ध गराइने सम्वन्धमा कुनै निर्णय भएको नदेखिएकोले नियमिति मान्न सकिएन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
१९.३			**मर्मत आदेशः** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ को उपनियम ४ वमोजिम सरकारी सम्पतिको हिनामिना नहुनेगरी लगत श्रेस्तासहित त्यसको संरक्षण गर्ने त्यस्तो सम्पति जिम्मालिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा अधिकांश खर्चमा मर्मत आदेश र मर्मत अभिलेख म.ले.प.फा.नं. २ तयार नगरी सवारी साधन मर्मतमा रु १७९९९९७ मेशिनरी औजार मर्मतसम्भारमा रु ९९६५२७ तथा निर्मित सार्वजनिक सम्पति मर्मतसंम्भारमा रु २०४९९९९ खर्च लेखेको छ । यस्ता कार्यमा नियन्त्रण गरी नियमको पालना गर्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
१९.४	१०३	२०७८-३-२२	**रितपूर्बकको कर बिजक–**१०३।०७८।०३।२२मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाडी तथा मोटरसाइकल मर्मत वापत विभिन्न विल संलग्नगरी रु ११३३२२२ खर्च लेखेको छ। लागत अनुमान वेगर सोझै मर्मत गरेकोमा मर्मत अभिलेख समेत राखेको देखिदैन। कतिपय मर्मतको विलमा गाडी नम्वर समेत खुलेको देखिदैन। अल सुहाना अटो एण्ड इलेक्ट्रोनिक्स स्यायी लेखा नम्वर ६०८६९५९१२ मा भ्याटमासमेत दर्ता रहेकोमा रु २३७१७५ को प्यान विलमात्र पेश गरेकोछ। भ्याटमा दर्ता भएको आपुर्तकले रितपुर्वकको करविजक जारी गर्नुपर्नेमा प्यान विलमात्र जारीगरेकोले १३ प्रतिशत भ्याटको रकम असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु	२७,२८६
२०	विभिन्न भौचर		**प्रमाण पेश हुनुपर्ने** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।गाउपालिकाले देहायको खर्चलेख्दा कैफियत देखिएकोले कैफियतमा उल्लेखित प्रमाण पेशहुनुपर्ने रु	५,०५९,९७०

गोभौ न र मिति	आपूर्तको नाम	खर्चको प्रकृति	रकम	कैफियत
३२।०७८।१२।२२	वेल्ही युथ क्लव	टि२० क्रिकेट कपको निमित्त सहयोग	२०००००	प्रतियोगिता संचालनको प्रमाण पेश हुनुपर्ने
४२।०७८।१२।२६	विभिन्न	वाइक मर्मतवापतको खर्च	५६५४५	मर्मत आदेश दाखिला एवम वाइकको नम्वरसमेत नखुलेकोले एकिन हुने प्रमाण पेश हुनुपर्ने
६१।०७८।०१।२१	अपन वेल्ही यूवा क्लव	टि२० क्रिकेट कपको निमित्त सहयोग	३०००००	प्रतियोगिता संचालनको प्रमाण पेश हुनुपर्ने
६५।०७८।०१।२१	सुरज सिंह रजक	५ महिनाको गाडी भाडा	५५००००	तारादेवीसंग सम्झौता भएकोमा सुरज सिंह रजकलाई भुक्तानी गर्नको कारण र गाडी भाडा अवधि र प्रयोजन
६९।०७८।०२।०२	हरेराम यादव	भ्रमणखर्च भुक्तानी	२५०००	भ्रमणमा सहभागीको प्रमाणित विवरण पेशहुनुपर्ने
६९।०७८।०२।०२	कृष्णकान्त साह	विधार्थीको शैक्षिक भ्रमण	४१०००	भ्रमणको विवरण र व्यानरसहितको तस्विर पेशहुनुपर्ने
७०।०७८।०२।१९	न्यु देवचुली अफसेट प्रेस	शैक्षिक क्यालेण्डर निर्माण र प्रकासन	८००००	४०० प्रति क्यालेण्डर हस्तान्तरणको भरपाई पेशहुनुपर्ने
७१।०७८।०२।१९	ओम शान्ति भवन निर्माण उपभोक्ता समिति	निर्मित सार्वजनिक सम्पति मर्मत	१६५८८६	अनुगमन तथा नापी र उपभोक्ता विल पेशहुनुपर्ने
९२।०७८।०३।१३	दिगम्वर यादव र राम नारायण	५२ मण्डली सन्त भण्डारा एवम साधुसन्त सम्मेलन	३४८९२५	गाउसभा। कार्यापालिकाको निर्णय पेश हुनुपर्ने
९९।०७८।०३।१६	फुलमुन मिडिया प्रालि	वृतचित्र निर्माण	३९७७६०	दाखिला प्रतिवेदन पेशहुनुपर्ने
१०२।०७८।०३।२१	आनन्द कुमार यादव	टि २० क्रिकेट वाडन १	९००००	सहभागी तथा विजयी टिम लगायत प्रतियोगिता संचालनको प्रमाण पेशहुनुपर्ने
११०।०७८।०३।२३	कुलानन्द चौधरी	भेटनरी शाखा मर्मत	८५३००	ठेक्का विल नापी र कार्यसम्पन्न पेशहुनुपर्ने
११६।०७८।	विएसपि ट्रेडर्स	१५० थान फेन्सी डायरी	८००००	दाखिला र वितरणको भरपाई पेशहुनुपर्ने

०३।२३				
११७।०७८।०३।२४	राम विहारी सदाय	धार्मिक सास्कृतिक संरक्षण र सम्वर्दन सहयोग	२२४२५०	लागत अनुमान एवम कुन पर्वमा के कति खर्चभएको पुष्टिगर्ने प्रमाण पेशहुनुपर्ने
१२४।०७८।०३।२४	सगरमाथा नेटवर्क	नेटवर्क मेन्टेनेन्स	१४२३८०	०७७।१२ वाटनै नन्फाइलर रहेकोले करसमायोजन प्रमाणपत्र र सम्झौता पेश हुनुपर्ने
१२४।०७८।०३।२४	सिविसु केवलनेट	इन्टरनेट सेवा	१७५३३२	सम्झौता पेशहुनुपर्ने
१२६।०७८।०३।२४	एआर ट्रेडर्स	टोनर तथा कम्प्युटर मर्मत	१६८७०८	जिन्सी दाखिला र लागत अनुमान पेशहुनुपर्ने
१३३।०७८।०३।२६	रासिन्द्र प्रसाद यादव	०७७ श्रावणदेखि ०७८ सम्मको तलव र पोशाक भुक्तानी	४४१८८०	सेवावाट अवकास भएकोमा पून करारमा नियुक्ति गर्नु र ०७७।११।११ को सम्झौता वनाई ०७७ श्रावणदेखिकै करारमा राखिनुको कारण तथा छनोटको आधार पेश हुनुपर्ने
१३४।०७८।०३।२६	एसके विशेषज्ञ परामर्श	लेखा व्यवस्थापन तथा सुत्रमा प्रविष्टि	९९४००	सम्झौता तथा कार्यसम्पन्न प्रतिवेदन सहित नन्फाइलर रहेकोमा करसमायोजन प्रमाण पेशहुनुपर्ने
१३५।०७८।०३।२६	रामनारायण यादव	गाउसभा संचालन खर्च	६५३८४	३४ पदाधिकारी रहेकोमा ११० दोसल्ला खरिद गरेको देखिएकोले वितरणको भरपाई पेशहुनुपर्ने
१४९।०७८।०३।२९	सृजनशिल नेपाली युवा समुह	व्युटिसियन तालिम संचालन	१९९५००	लागत अनुमान संस्था छनोटको आधार तालिममा सहभागीको उपस्थिति तथा प्रमाणपत्र एवम प्रगित प्रतिवेदन र सम्झौता पेशहुनुपर्ने
१५४।०७८।०३।२९	विष्णुदेव मण्डल	धर्मसंस्कृति खर्च वाड न ३	१२००००	खर्चको विल भरपाई र प्रयोजन पेशहुनुपर्ने
१५५।०७८।०३।३०	विष्णुदेव मण्डल	लेनोभो ल्यापटप खरिद वाड ३	९८३१०	दाखिला र जिन्सी श्रेस्ता पेशहुनुपर्ने
१७०।०७८।०३।३०	शिव कुमार मण्डल	क्रिकेट जर्सी र वलवापत	४५०००	प्रयोजन खुलेको प्रमाण पेशहुनुपर्ने
१७४।०७८।०३।३०	प्रमोद मण्डल	आर्थिक सहयोग	२५०००	आर्थिक सहयोगको प्रयोजन खुलाउनु पर्ने
१७१।०७८।०३।३०	उषा इन्टरप्राइजेज	सवारीसाधन मर्मत	४६६३९०	लागत अनुमान मर्मत आदेश दाखिला सम्झौता तथा मुअकर कटी नगरेकोले कर समायोजनको प्रमाण पेश हुनुपर्ने

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७२।०७८।०३।३०</td><td>नेपाल ट्रेडर्स</td><td>टोनर कार्टेज वाड न ५</td><td>३०००००</td><td>दाखिला तथा जिन्सी श्रेस्ता पेश हुनुपर्ने</td></tr>
<tr><td>१७२।०७८।०३।३०</td><td>विभिन्न</td><td>टि २० क्रिकेटको निम्ति टेन्ट भाडा शिल्ड तथा क्रिकेट सामाग्री</td><td>६८०२०</td><td>प्रतियोगिता संचालनको प्रमाण पेशहुनुपर्ने</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५०५९९७०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>उपभोक्ता समिति मार्फत भएका कार्य सम्बन्धमा</td><td></td></tr>
<tr><td>२१.१</td><td>विभिन्न</td><td>२०७८-१-२८</td><td>
खानेपानी टयुबवेल खरिद तथा जडान कार्य :
कार्यालयले यस बर्ष खानेपानी टयुबवेल खरिद तथा जडान कार्य बापत गाउँपालिका(पुँजीगत) तर्फका निम्न बमोजिम गोश्वारा भौचरहरुबाट रु.१,७४,७७,५४२। खर्च लेखेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा निम्न रहेका छन् ।
<table>
<tr><th>भौ.नं./मिति</th><th>आपूर्तक /उपभोक्ता समितिको नाम</th><th>हाते पम्प संख्या</th><th>स्थान</th><th>बजेट खर्च रकम</th></tr>
<tr><td>९-०७८।१।२८</td><td>नायरा कन्स्ट्रक्शन प्रा.लि.</td><td>१०७</td><td>वडा नं.१,२,३,५र ६</td><td>४३०७९५३</td></tr>
<tr><td>११-०७८।२।२</td><td>उपभोक्ता समिति</td><td>३०</td><td>वडा नं.४</td><td>९५२०५६</td></tr>
<tr><td>१७-०७८।२।२०</td><td>उपभोक्ता समिति</td><td>५०</td><td>वडा नं.२</td><td>१४५४२१७</td></tr>
<tr><td>२८-०७८।३।३</td><td>उपभोक्ता समिति</td><td>३२</td><td>वडा नं.३</td><td>९६१४१३</td></tr>
<tr><td>३४-०७८।३।१४</td><td>उपभोक्ता समिति</td><td>४३</td><td>वडा नं.५</td><td>१२५७८३३</td></tr>
<tr><td>३९-०७८।३।१७</td><td>मुस्कान खुश्बु कन्स्ट्रक्शन प्रा.लि.</td><td>८३</td><td>विभिन्न वडा</td><td>३३५८४८४</td></tr>
<tr><td>४६-०७८।३।२३</td><td>उपभोक्ता समिति</td><td>३३</td><td>वडा नं.४</td><td>९७०१८९</td></tr>
<tr><td>१०१-०७८।३।२५</td><td>उपभोक्ता समिति</td><td>६९</td><td>वडा नं.३</td><td>२०२९५४०</td></tr>
<tr><td>१२१-०७८।३।२७</td><td>उपभोक्ता समिति</td><td>६९</td><td>वडा नं.६</td><td>२१८५८५७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५१६</td><td></td><td>१७४७७५४२</td></tr>
</table>
(क) गोश्वारा भौचर नम्बर ९, मिति २०७८।१।२८ बाट नायरा कन्स्ट्रक्शन प्रा.लि.लाई रु. ४३,०७,९५३। बजेट खर्च लेखिएकोमा उक्त निर्माण व्यवसायीसँग भएको सम्झौतामा उल्लेखित बिल अफ क्वान्टिटीमा ५० फिटसम्म वोरिङ्ग कार्यको प्रति फिट रु.६६। कबोल अंक रहेकोमा ठेक्का बिलमा प्रति फिट रु.७४। का दरले ५३५० फिटको भुक्तानी गरेकाले प्रति फिट रु.८। का दरले रु.४८,३६४। बढी भुक्तानी भएकाले उक्त निर्माण व्यवसायीबाट मू.अ.कर समेत रु.४८,३६४। असुल गर्नुपर्ने रु.
(ख) कार्यालयले यस बर्ष ५१६ थान हाते पम्प खरिद तथा जडान बापत खर्च लेखेकोमा उक्त हाते पम्प वितरणका लागि लाभग्राही छनौट गर्दा स्पष्ट, पारदर्शी, समन्यायिक तवरले मापदण्डका आधार स्पष्ट गरी कार्यविधि बनाई वितरण गर्नुपर्नेमा हाते पम्प वितरण गर्दा लिईएको आधार लेखापरीक्षणमा पेश हुन आएन । साथै अघिल्ला आर्थिक बर्षहरुमा समेत हाते
</td><td>४८,३६४</td></tr>
</table>

			पम्प वितरण गरिएकोमा पहिले नै प्राप्त गरेका लाभग्राहीहरु दोहोरिन गए नगएको सम्बन्धमा समेत स्पष्ट अभिलेख नराखेकाले भिडान गर्न सकिएन । (ग) उपभोक्ता समितिमार्फत जटिल कार्य: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट संचालित निर्माण कार्यमा हेभी मेशिन प्रयोग गर्न नसकिने तर लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सहमति लिइ मेशिन प्रयोग गर्न सकिने सो विपरित प्रयोग गरेको पाइएमा उपभोक्ता समितिसंग भएको सम्झौता रद्ध गरिने, नियम ९७(१३क) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्तानुसार उपभोक्ता समितिबाट २०० फिट गहिराईसम्म डिप वोरिङ्ग जस्तो जटील प्रकृतीको काम गरी प्रति हेन्ड पम्प रु.१७,८८०। का दरले बोरिङ्ग चार्ज बापतभुक्तानी गरेको छ । एउटै वडामा उपभोक्ता समितिबाट र निर्माण व्यवसायीबाट पनि काम भएको छ । बोलपत्रका माध्यमबाट प्रतिस्पर्धात्मक तवरबाट खरिद गर्न सकिनेमा बोलपत्र नगरी कामलाई टुक्रा टुक्रा पारी खरिद गराएको छ । जटिल प्रकृतिको कार्य उपभोक्ताबाट गराउने कार्य नियन्त्रण गरी नियमावलीको व्यवस्था अनुसार प्रतिस्पर्धा गराएर मात्र गर्नुपर्ने देखिन्छ। (घ) आ.व.०७७।७८ को सप्तरी जिल्लाको स्वीकृत दररेट अनुसार हेन्ड पम्प (हेभी ट्युटी एच.सि.एल.वा सो सरह) प्रति सेट १६ के.जी.को रु.२७८३।, १८ के.जी.को रु.३२६७।, २२ के.जी.को रु.३७५१। र २४ के.जी.को रु.४३४५। दर उल्लेख छ । कार्यालयले १८ देखि २० के.जी. उल्लेख गरी प्रति सेट रु.३८६३।५३ का दरले लागत अनुमान तयार गरी उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट खरिद कार्य गरेको छ । संलग्न नापी किताब , कार्यसम्पन्न प्रतिवेदन तथा बिलभरपाईमा कति के.जी.को हेन्ड पम्प खरिद तथा जडान गरेको भन्ने उल्लेख गरेको छैन ।	
२१.२	विभिन्न	२०७८-१२-२५	नर्मसको प्रयोग : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र जिल्ला दररेटका आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निर्माण कार्यको आफनो छुट्टै नर्मस नभएको अवस्थामा कार्यालयले गर्ने निर्माण प्रकृतिसँग मिल्ने तथा मितव्ययी हुने नेपाल सरकारबाट स्वीकृत सडक विभागको नर्मसको प्रयोग गर्नुपर्नेमा उपभोक्ता समितिको कार्य यस बर्ष भुक्तानी गर्दा निम्न बमोजिम फरक नर्मस प्रयोग गरी उपभोक्ता समितिलाई रु.१७,९४,४४३। बढी भुक्तानी भएको छ । फरक नर्मस प्रयोग गरी गाउँपालिकालाई बढी व्ययभार पारेको रु.	१,७९४,४४३

बजेट उपशिर्षक	गो.भौ.नं.,मिति	उपभोक्ता समितिको नाम	Construction of Roadway in Embankments and miscellaneous Backfilling areas with approved materials obtained from transporting soil by Tractors				wooden form work				Flat Brick Soling				बढी व्ययभार रकम
			परिमाण (घ.मि.)	भुक्तानी दर	बढी दर	बढी भुक्तानी	परिमाण (घ.मि.)	भुक्तानी दर	बढी दर	बढी भुक्तानी	परिमाण (व.मि.)	भुक्तानी दर	बढी दर	बढी भुक्तानी	
प्रदेश सशर्त पुँजिगत	२-०७८।३।२१	वडा नं.३ को टिकुलियामा पिसिसी ढलान (श्री माँ भगवती पिसिसी ढलान सडक निर्माण उ.स.)	४९३	४७५	४५	२२१९४	८२	११०१	२२०	१८०८४	१०९६	८५०	५०	५४८६६	९५१४४
	३-०७८।३।२५	वडा नं.४ शिवलाल गुप्ता भट्टी देखि पूर्व श्यामसुन्दर मसैता र सिताराम मलाह घरको बिचबाट प्रा.वि.सम्म पिसिसी ढलान	१५०	४७५	४५	६७५०	७७	११०१	२२०	१७०२८	१०३२	८५०	५०	५१६६२	७५४४०
	४-०७८।३।२५	वडा नं.२ को सिराहा सडक खण्ड देखि दक्षिण शिब कुमार गोईत घर हुँदै प्रमानन्द गोईतको	४०५	४७५	४५	१८२४६	४७	११०१	२२०	१०३२२	८९१	८५०	५०	४४६०३	७३१७२

https://nams.oag.gov.np

					घरसम्म पिसिसी ढलान															
			संघीय सशर्त पुँजिगत	२७-०७८।३।२४	श्री माँ दुर्गा भवानी उपभोक्ता समिति विद्यालयमा खानेपानी कार्य	३२५	५४०	११५	३७३७५		११०१	२२०	०		८५०	५०	०	३७३७५		
			गाउँपालिका पुँजिगत	१२-०७८।२।२०	पथराहाटोलको रामजानकी रा.प्रा.वि.मर्मत		४७५	४५	०		११०१	२२०	०	१०९.५४	८५०	५०	५४८४	५४८४		
				१३-०७८।२।२०	लक्ष्मणराम घर देखि कुशहा बेल्ही सडकसम्म पिसिसी ढलान	१२०	४७५	४५	५४००	०	११०१	२२०	०	१२०	८५०	५०	६००७	११४०७		
				१४-०७८।२।२०	नन्दन शाहको घरदेखि भगवानी साहको घरसम्म पिसिसी ढलान	०	४७५	४५	०	०	११०१	२२०	०	२९६.२५	८५०	५०	१४८३०	१४८३०		
				१५-०७८।२।२०	तिनकोनीमा एलानी जग्गादेखि जयप्रकाशको घरसम्म पिसिसी ढलान	४५	४७५	४५	२०१६	१५	११०१	२२०	३३६६	४१०	८५०	५०	२०५२५	२५९०७		
				१६-०७८।२।२०	ललितनारायण गुप्ताको घरदेखि	०	४७५	४५	०	०	११०१	२२०	०	२१४.४	८५०	५०	१०७३३	१०७३३		

						लालबहादुर बनैताको घरसम्म पिसिसी ढलान															
					२०-०७८।२। २०	शिव कुमार गोइतको घरदेखि रामप्रित पासमानको घरसम्म पिसिसी ढलान	०	४७५	४५	०	०	११०१	२२०	०	१७६	८५०	५०	८८११	८८११		
					२२-०७८।२। २८	वडा नं.२ बलान महारानी नदी नियन्त्रण उ.स.	३८२५	४७५	४५	१७२१२५	०	११०१	२२०	०	०	८५०	५०	०	१७२१२५		
					२५-०७८।३। १	वडा नं.६ को रुनादेवीको घर देखि गंगाइदासको घरसम्म माटो भर्ने कार्य	१५६९	४७५	४५	७०६०५	०	११०१	२२०	०	०	८५०	५०	०	७०६०५		
					२७-०७८।३। ३	वडा नं.६ कोरलाही प्रतिबाला योजना	२४९८	४७५	४५	११२३९७	०	११०१	२२०	०	०	८५०	५०	०	११२३९७		
					३०-०७८।३। ७	वडा नं.१ को राजनारायण चौधरीको घरदेखि खेदन चौधरीको घरसम्म पिसिसी ढलान	०	४७५	४५	०	४८	११०१	२२०	१०५६०	६४०	८५०	५०	३२०३८	४२५९८		

३५-०७८।३।१४	वडा नं.२ को सन्तोष चौधरीको घरदेखि पिसिसी ढलान	५०	४७५	४५	२२२८	१२	११०१	२२०	२७३७	३२२.८	८५०	५०	१६१५९	२११२३
३८-०७८।३।१६	वडा नं.२ को भोलाराम घर देखि कुशहा बेल्ही सडकसम्म पिसिसी ढलान	०	४७५	४५	०	०	११०१	२२०	०	२१३	८५०	५०	१०६६३	१०६६३
४०-०७८।३।२०	वडा नं.६ को वाउन्डीवाल तथा रंगरोगन कार्य	५३५	४७५	४५	२४०५७	०	११०१	२२०	०	०	८५०	५०	०	२४०५७
४१-०७८।३।२०	वडा नं.४ को डिहबार बाबा बाउन्डीवाल कार्य	२९५	४७५	४५	१३२७४	१०९	११०१	२२०	२३९८०	०	८५०	५०	०	३७२५४
४२-०७८।३।२०	वडा नं.५ को बिन्दा चौधरीको घरदेखि सुखी शाहको घरसम्म पिसिसी ढलान	०	४७५	४५	०	०	११०१	२२०	०	१९२	८५०	५०	९६१२	९६१२
४३-०७८।३।२२	वडा नं.३ को माटो ग्राभेल कार्य लक्ष्मी नारायण उ.स.	६३०	४७७	४५	२८३५०	०	११०१	२२०	०	०	८५०	५०	०	२८३५०

४४-०७८।३।२३	वडा नं.२ को रामबिलास मन्डलको घरदेखि झवर रामको घरसम्म पिसिसी	०	४७५	४५	०	१३	११०१	२२०	२८६०	३४२	८५०	५०	१७१२१	१९९८१
४५-०७८।३।२३	वडा नं.४ को बेल्ही टोलमा कलिम घर देखि जामुन घर सम्म पिसिसी ढलान	०	४७५	४५	०	०	११०१	२२०	०	४०५.७२	८५०	५०	२०३१०	२०३१०
५२-०७८।३।२४	धर्मशाला बाउन्डीवाल निर्माण उ.स.	२३८	४७५	४५	१०६९२	०	११०१	२२०	०	०	८५०	५०	०	१०६९२
५८-०७८।३।२४	वडा नं.१ को पिसिसी ढलान राम जानकी उ.स.	०	४७५	४५	०	२८	११०१	२२०	६२२२	४१४.१	८५०	५०	२०७३०	२६९५२
५९-०७८।३।२४	वडा नं.१ को पिसिसी ढलान राम जानकी उ.स.	०	४७५	४५	०	०	११०१	२२०	०	३३२	८५०	५०	१६६२०	१६६२०
६१-०७८।३।२४	वडा नं.१ को सामुदायिक भवन निर्माण	०	४७५	४५	०	१५९	११०१	२२०	३४९८०	०	८५०	५०	०	३४९८०
७९-०७८।३।२४	वडा नं.२ बलान महारानी नदी नियन्त्रण उ.स.	११६३५	४७५	४५	५२३५७५	०	११०१	२२०	०	०	८५०	५०	०	५२३५७५

					९३-०७८।३।२५	वडा नं.४ को नेवा मन्डलको घरदेखि पुरुषोत्तम यादवको घरसम्म पिसिसी ढलान	६०	४७५	४५	२७००	०	११०१	२२०	०	२००	८५०	५०	१००१२	१२७१२		
					९४-०७८।३।२५	वडा नं.१ पोखरीदेखि पुर्व फेकु यादवको घर देखि उत्तर जगदेव भिनवारको घरसम्म पिसिसी ढलान	३०	४७५	४५	१३५०	०	११०१	२२०	०	२०४	८५०	५०	१०२१२	११५६२		
					९५-०७८।३।२५	वडा नं.१ विन्दा पासमानको घरदेखि देवन चौधरीको पोखरीसम्म माटो ग्राभेल	५११	४७५	४५	२३००८	०	११०१	२२०	०	०	८५०	५०	०	२३००८		
					९६-०७८।३।२५	दुधैला गाउँ वडा नं.३ को चतुर गोइतको कुखुरा फार्मदेखि इन्द्रदेव बाबा मन्रिसम्म ग्राभेल र कल्भर्ट निर्माण	३८५	४७५	४५	१७३३४	०	११०१	२२०	०	०	८५०	५०	०	१७३३४		
					९९-०७८।३।	वडा नं.१ को	०	४७५	४५	०	१९३	११०१	२२०	४२४५८	०	८५०	५०	०	४२४५८		

				२५	कमलदाहामा महादेव मन्दिर निर्माण कार्य															
				१००-०७८।३।२५	वडा नं.३ मौवाहीमा अधुरो डिहबार बाबा मन्दिरमा अधुरो धर्मशाला निर्माण	०	४७५	४५	०	६७	११०१	२२०	१४८३०	०	८५०	५०	०	१४८३०		
				१०७-०७८।३।२५	गापा देखि बलान पट्टीसम्म रहेको सडकमा माटो ग्राभेल कार्य	२३२	४७५	४५	१०४४९	०	११०१	२२०	०	०	८५०	५०	०	१०४४९		
				१११-०७८।३।२५	वडा नं.२ को विभिन्न सडकहरुमा माटो कार्य	५६९	४७५	४५	२५६१६	०	११०१	२२०	०	०	८५०	५०	०	२५६१६		
				११४-०७८।३।२५	वडा नं.४ को महन्थी यादवको घरदेखि दक्षिण मुक्ति यादवको घरसम्म पिसिसी ढलान	०	४७५	४५	०	०	११०१	२२०	०	१५२	८७५	७५	११४००	११४००		
				११९-०७८।३।२५	नयाँ कालोपत्रे सडकदेखि उत्तर वडा नं.६ को सीमासम्म माटो ग्राभेल	१७२१	४७५	४५	७७४५६	०	११०१	२२०	०	०	८५०	५०	०	७७४५६		

 https://nams.oag.gov.np

	१२३-०७८।३।२७	वडा नं.६ रुनादेवी दासको घरदेखि घन्सु महरानको घरसम्म पिसिसी ढलान	३५	४७५	४५	१५७५	०	११०१	२२०	०	११६.८	८५०	५०	५८४७	७४२२
		जम्मा				१२०८७७१				१८७४२७				३९८२४४	१७९४४४३

२१.३	१२०	२०७८-३-२५	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । भौचर नम्बर १२०, मिति २०७८।३।२५ बाट श्री किसान कृषि विद्युतिकरण उपभोक्ता समिति, बलानबिहुल ५, रामनगरलाई ८ मिटरको पिएससि पोल ५९ थानको रु.१२५००। का दरले समेत गरी रु.९,७०,०००। बजेट खर्च लेखेकोमा भौचरमा सम्बन्धितले रकम बुझेको भरपाई तथा चेकको अर्धकट्टीमा समेत दस्तखत गरी छाप लगाएको नपाईएकाले सोको प्रमाण पेश गर्नुपर्ने रु.	९७०,०००
२१.४	विभिन्न	२०७८-३-२५	ल्याब टेस्ट रिपोर्ट बिना रकम भुक्तानी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले निम्न योजनाहरुको रकम भुक्तानी गर्दा नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदनमा ल्याबटेस्ट बापतको रकम समावेश गरेकोमा भौचरसाथ ल्याब टेस्टको प्रमाणपत्र, बिल भरपाई संलग्न गरेको छैन । ल्याब टेस्टको बिल तथा प्रमाणपत्र संलग्न नगरी भुक्तानी गरेको रकम नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाई सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.	४२,५००

ब.उ.शि.नं.	भौ.नं./मिति	योजनाको नाम	ल्याब टेस्ट भुक्तानी रकम
गा.पा.पुँजिगत	५८-०७८।३।२४	पिसीसी ढलान कार्य वडा नं.१ रामजानकी उपभोक्ता समिति	५०००
गा.पा.पुँजिगत	५९-०७८।३।२४	पिसीसी ढलान कार्य वडा नं.१ रामजानकी उपभोक्ता समिति	५०००
गा.पा.पुँजिगत	९३-०७८।३।२५	पिसीसी ढलान कार्य वडा नं.४ ज्वालामुखी पिसिसी उपभोक्ता समिति	२५००
गा.पा.पुँजिगत	९४-०७८।३।२५	पिसीसी ढलान कार्य वडा नं.१ नयाँ टोल मल्हनियाँ उपभोक्ता समति	५०००
प्रदेश सशर्त पुँजिगत	२-०७८।३।२१	वडा नं.३ टिकुलियामा पिसिसी ढलान श्री माँ भगवती उपभोक्ता समिति	१००००
प्रदेश सशर्त पुँजिगत	३-०७८।३।२५	वडा नं.४ पिसिसी ढलान उपभोक्ता समिति	१५०००
		जम्मा	४२५००

२१.५	२२-०७८।२।२८, ७९-०७८।३।२४	२०७८-३-२४	दिघिया टोलमा बलान नदी नियन्त्रण तथा बाँध निर्माण कार्य दिघिया टोलमा बलान नदी नियन्त्रण तथा बाँध निर्माण कार्यका लागि गोश्वारा भौचर नम्बर २२ मिति २०७८।२।२८ बाट प्रथम रनिङ्ग बिलको रु.१६,३३,४६६। र गोश्वारा भौचर नम्बर ७९, मिति २०७८।३।२४ बाट दोश्रो रनिङ्ग बिलको रु.४९,६८,७२६। गरी रु.६६,०२,१९२। बजेट खर्च लेखिएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम रहेको छ । (क) कार्यालयले गोश्वारा भौचर नम्बर २२ मिति २०७८।२।२८ बाट प्रथम रनिङ्ग बिलको रु.१६,३३,४६६। र गोश्वारा भौचर नम्बर ७९, मिति २०७८।३।२४ बाट दोश्रो रनिङ्ग बिलको रु.४९,६८,७२६। गरी रु.६६,०२,१९२। बजेट खर्च लेखेकोमा दोश्रो रनिङ्ग बिल तयार गर्दा प्रथम रनिङ्ग बिलमा भएको कार्य परिमाण र भुक्तानी रकम समेत देखिने गरी हालसम्मको अद्यावधिक कार्यको नापी किताब तथा बिल तयार गर्नुपर्नेमा सो अनुसार नगरी दोश्रो रनिङ्ग बिलमा अघिल्लो बिलसम्म नापी भएको परिमाण र रकम उल्लेख गरेको पाईएन । जसले गर्दा दोश्रो रनिङ्ग बिलमा अघिल्लो बिलमा नापी भएको परिमाण समावेश भएको छैन भन्ने बिश्वस्त आधार पेश हुन सकेन । कार्यालयले नियमानुसार नापी किताब तयार गर्नुपर्दछ । (ख) कार्यालयले गोश्वारा भौचर नम्बर २२ मिति २०७८।२।२८ बाट प्रथम रनिङ्ग बिलको रु.१६,३३,४६६। भुक्तानी गरेकोमा भौचरसाथ संलग्न बिलभरपाई हरु परीक्षण गर्दा मिति २०७८।२।१५ मा कुन्ती यादबबाट रु.२,७०,०००। को तथा मिति २०७८।२।२३ मा बजरंगी यादबबाट रु.११,००,०००। को माटो खरिद गरी भुक्तानी गरेकोमा निजहरुबाट कति परिमाण माटो खरिद गरेको उल्लेख गरेको छैन । त्यस्तै माटो ढुवानी बापत मिति २०७८।२।२४ मा माटो ढुवानी बापत रु.४,४५,१५७। भुक्तानी गरेको भरपाई पेश गरेकोमा भरपाईमा गाडी नम्बर, भुक्तानी लिनेको नाम तथा कति परिमाण, कति ट्याक्टर माटो ढुवानी गरेको उल्लेख गरेको छैन । (ग) गोश्वारा भौचर नम्बर ७९, मिति २०७८।३।२४ बाट दोश्रो रनिङ्ग बिलको रु.४९,६८,७२६। बजेट खर्च लेखेकोमा रु.४९,६८,४४२। को माटो खरिद गरेको भरपाई संलग्न रहेकोमा कुन व्यक्तिबाट कति परिमाण माटो खरिद गरेको हो सो नखुलेको तथा रकम बुझेको भरपाईमा बुझिलिने व्यक्तिको दस्तखत समेत भएको पाईएन । त्यस्तै माटो ढुवानी बापत रु.५,५५,९००। को भरपाई संलग्न रहेकोमा कति परिमाण या कति ट्याक्टर माटो ढुवानी गरेका विवरण संलग्न गरेको छैन । साथै दुबै रनिङ्ग बिलमा डोर हाजिरी फाराम समेत समावेश भएको छैन । (घ) कार्यालयले यस बर्ष प्रथम रनिङ्ग बिलमा रु.१८,१४,९६२। तथा दोश्रो रनिङ्ग बिलको रु.५५,२०,८०७। गरी रु. ७३,३५,७६९। को कार्य गरेको उल्लेख गरेकोमा जनसहभागिता बापतको ७,३३,५७७। कट्टी गरी रु ६६,०२,१९२। बजेट खर्च लेखेकोमा जनसहभागिताको अंश स्वरुप १० प्रतिशतका दरले योगदान भएको देखिने तथा पुष्टयाई गर्ने प्रमाण भौचरसाथ संलग्न गरेको छैन ।	
२१.६			**उपभोक्ता समितिबाट भएको कार्य सम्बन्धमा** (क) सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उदेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । यस पालिकाले ऐनमा उल्लेख भए बमोजिम उपरोक्त पक्षहरुको बिश्लेषण नगरी उपभोक्ता समितिबाट कार्य गराएको छ । सडकको टयाक खोल्ने, सडकमा माटो तथा ग्राभेलको कार्य, सडक आरसिसी पिसिसी ढलान, भवन निर्माण जस्ता कार्यहरु कतिपय उपभोक्ता समितिबाट तथा कतिपय निर्माण व्यवसायीहरुबाट भएको छ । ऐनमा उल्लिखित प्रावधान बमोजिमका कार्यहरु मात्र उपभोक्ता समितिबाट गराउनुपर्दछ । (ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) अनुसार निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मतसम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको रेखदेख, मर्मतसम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । (ग) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेका काम कारवाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ । सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशमा पालना भएको पाईएन।	

			(घ) उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत, कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्यसम्पन्न भएको मिति, नाप गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राख्नुपर्नेमा सो अनुसार राखेको पाईएन ।	
२२			**आन्तरिक आय** **१.कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा भाडा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान गरेको देखिएन भने र असुली गरेको समेत विवरण पेश हुन सकेन। २.**व्यवसायकरः**स्थानीय सरकार संचालन ऐन,२०७४को दफा५८मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसायकर उठाउनूपर्ने व्यवस्थारहेकोछ।पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत तथा कर रकमसमेत संकलन गरेको पाईएन।पालिकालेयस बर्ष ब्याबसाय करमा असुली शुन्यरहेबाट व्यवसायदर्तानभएकाव्यवसायीहरुकोअनुगमनगरेकोपाईएन। पालिकाक्षेत्रभित्रकाव्यवसायीकोअभिलेखअध्यावधिक गरी करकोदायराभित्रल्याउनुपर्दछ। ३. **रासिद नियन्त्रण खाताः** लेखापरीक्षणको क्रममा रसिद नियन्त्रण खाता पेश नभएकोले नगदी रसिद तथा मालपोत रसिदको गत वर्षको जिम्मेवारी, यस वर्षको छपाई र खर्चको हिसाब नरहेकोले लेखापरीक्षणको क्रममा पेश भएको रसिदको मात्र लेखापरीक्षण गरिएको छ । उक्त रसिदबाट रु.६०४८००।राजश्व प्राप्त भएकोले कार्यालयले रसिद नियन्त्रण खाता राखि रसिदको आम्दानी र खर्चको अभिलेख राख्नु पर्दछ । **४. व्यवसायकरः**स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्य क्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनू पर्ने व्यवस्था रहेकोछ।पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत तथा कर रकम समेत संकलन गरेको पाईएन।पालिकालेयस बर्ष ब्याबसाय करमा असुली शुन्य रहेबाट व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन। पालिका क्षेत्रभित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ। ५.**सवारीकरः**स्थानीयसरकारसंचालनऐन,२०७४को दफा६४मा पालिकले आफ्नोक्षेत्रभित्रका सवारीमा तोकिए बमोजिम सवारीदर्तातथा वार्षिकसवारीकर रआफ्नोक्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारीकर उठाउने उल्लेखछ।सम्वन्धित निकायसँग समन्वयगरी हरेकवर्ष दर्ताहुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउनेतर्फ सम्वन्धित निकायकोध्यानजानुपर्दछ। ६.**मनोरञ्जनकरः**स्थानीय सरकार संचालन ऐन,२०७४को दफा६४ बमोजिम सिनेमा,भिडियोहल,सांस्कृतिक प्रदर्शन हल,संगीत,थियटर मनोरञ्जन प्रदर्शनस्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिकवर्ष २०७७।७८ मा पालिकाले मनोरञ्जन कर राजस्वअसुली शुन्य देखियो ।यसपालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरिअसुल गर्नु पर्दछ। ७.**राजस्वको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।कार्यालयले यस वर्ष राजश्व आम्दानीको बैंक नगदी किताब र दैनिक नगद प्राप्त गोश्वारा खाता राखेको देखिएन। ऐनको व्यवस्था अनुसार उल्लेखित फारम राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । यस वर्ष नगदी रसिदबाट असुल गरेको सिफारिस दरस्तुर र मालपोत वापतको रु.६०४८००।आम्दानी गरेकोमा सोको रसिद नम्बर अनुसार दैनिक आवर्जे नराखेबाट असुली गरी आम्दानी गरेको रकम एकिन हुन सकेन । ८. आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणको क्रममा आय ठेक्का विवरण पटक पटक माग गर्दा लेखापरीक्षण अवधि भित्र पेश नभएकोले आय ठेक्काबाट प्राप्त भएको आम्दानी एकिन गर्न सकिएन । कार्यालयले सो सम्बन्धमा छानविन गरी आय ठेक्काबाट प्राप्त गर्नुपर्ने आय संझौता वमोजिम असुल उपर गर्नुपर्दछ । **९.** गाउँपालिकामा भएको सावारीसाधन तथा मेसिन औजारको लगवुक नराखेकोले आय एकिन भएन ।	
२३			**शिक्षातर्फको तलवी प्रतिवेदन** **तलबी प्रतिवेदनः**निजामति सेवा ऐन, २०४९ को दफा ९ तथा स्वास्थ्य सेवा ऐन नियमावली र शिक्षक सेवा ऐन नियमावली अनुसार कोष तथा लेखा नियन्त्रक कार्यालय र शिक्षक विद्यालय किताबखानाबाट तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब भत्ता खर्च लेख्नु पर्नेमा पालिकाले तलबी प्रतिवेदन पारीत नगरी विद्यालयका शिक्षक तथा स्वास्थ्य तर्फका कर्मचारीको पारिश्रमिक वापत खर्च लेखेकोमा तलब भत्ता र ग्रेड रकम भिडान गरी एकिन गर्न नसकिएकोले तलबी प्रतिवेदन पारित गारएर मात्र खर्च लेख्नु पर्ने देखिन्छ ।	
२४			**शिक्षातर्फ निकासा**	
२४.१	१११	२०७८-३-२८	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रम संचालन गर्न तथा प्रारम्भिक कक्षा पढाई कार्यक्रमका लागि	६३२,७५०

			निम्न १६ वटा विद्यालयहरुकालाई रु.६३२७५०।निकासा गरेकोमा उक्त कार्यक्रम संचालन भएको विल भरपाईसहित प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु	
२४.२			**छात्रवृत्तिः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ का अनुसार समुदायिक विद्यालयहरुलाई छावृत्ति अनुदान दिदा विद्यालयले सम्पूर्ण छात्राहरु, दलित छात्र र आदिवासी जनजाति छात्रको परीक्षामा भएको उपस्थितिको आधारमा ईमिसमा नामनमेशि भएका छात्रवृत्ति पाउने विद्यार्थीहरुको डाटा संकलन गरी छात्रवृत्ति वितरण गर्नु पर्नेमा यस वर्ष	९७३,२००

क्र.सं.	विद्यालयको नाम	CUG सेवा संचालन गर्न २ महिनाको रकम
१	श्री रा.दु.ता.आ.वि. मल्हनियाँ	४६७५०
२	श्रीरा.प्रा.वि. कमलदाहा बलानपाट्टी	१५०००
३	श्री भगवती रा.प्रा.वि. चन्ही	१४७५०
४	श्री रा.प्रा.वि.दिघिया	१०२५०
५	श्री राम जानकी रा.प्रा.वि.पतराहाटोल	६७५०
६	श्री राजेश्वरी आ.वि. मौवाहा	७२२५०
७	श्री पं.र.जा.प्रा.वि. दुधैला	८५००
९	श्री जनता आ.वि. बेल्ही	४८०००
१०	श्री रा.प्रा.वि. बेल्ही	३०७५०
११	श्री सलहेश दलित रा.प्रा.वि.बेल्ही	१२०००
१३	श्री जनता मा.वि. रामनगर कोदरकट्टी	९०५००
१५	श्री जा.ग.ज.मा.वि.सेहरा रौतहट	२६२२५०
१६	श्री रा.प्रा.वि. रौतहट	१५०००
	जम्मा	६३२७५०

			गो.भौ.५१मिति २०७८।३।०८ बाट १६ वटा विद्यालयहरुलाई रु.९७३२००। अनुदान दिएकोमा कार्यविधि अनुसार वितरण गरेको आर्थिक वर्ष, मिति र समितिको निर्णय सहितको भरपाई पेश गर्नुपर्ने रु	
२४.३			**निःशुल्क पाठ्यपुस्तकः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ अनुसार सामुदायिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक दिनको लागि पालिकाले विद्यालयहरुसंग शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएको विद्यार्थीको कक्षागत संख्या र दररेट अनुसार हिसाब एकिन गरी दिनु पर्नेमा सो विधि र प्रक्रिया पुरा नगरी १६ वटा विद्यालयलाई पाठ्यपुस्तक वापत रु.१९५८५९६। अनुदान दिएको देखियो । विद्यालयबाट पेश पाठ्यपुस्तकको विल भरपाईको अनुगमन प्रतिवेदन पेश नभएको वितरण भरपाई यकिन गर्न सकिएन । **दिवा खाजा अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयहरुलाई दिवा खाजा वापतको रकम अनुदान दिदा विद्यालयबाट विद्यालय संचालन भएको दिनको कक्षागत हाजिरी विवरण माग गरी प्रति विद्यार्थी प्रति दिन विद्यालयमा हाजिरी भएको आधारमा दिनु पर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष गो.भौ.नं.१२९।०७८।३।३० बाट१६ वटा विद्यालयलाई रु.२०९३९९८। अनुदान दिएकोमा कार्यविधि अनुसारको विद्यार्थी संख्या र व्यवस्थापन समिति अध्यक्षकबाट प्रमाणित हाजरी र अनुगमन प्रतिवेदन वेगर अनुदान दिएको देखिएकोले वास्तविक अनुदान रकम एकिन गर्न सकिएन ।	
२५			**स्वास्थ्य कार्यक्रम खर्च**	
२५.१			गाउपालिकाले स्वास्थ्य केन्द्रगतअभिलेख अद्यावधिक गरेको देखिदैन भने प्रत्येक अस्पतालगत स्वास्थ्यकर्मी र कर्मचारीको अभिलेखसमेत व्यवस्थित रुपमा अद्यावधिक देखिदैन। गाउपलिकाले यसवर्ष स्वास्थ्यका कर्मचारीको तलव भत्तावापत रु १८०१५९१३ खर्च लेखकोमा तलवी प्रतिवेदन पारित नभएकोले तलव भत्ता र ग्रेड लगायतको रकम एकिन गर्ने आधार रहेन।साथै दरवन्दी तथा पदपूर्ति र करार तथा स्थायी कर्मचारीको विवरण माग गर्दा पेश हुन सकेन भने स्वास्थ्य तर्फका करारका कर्मचारीको छनोट विधि तथा करार सम्झौता र म्याद थपको विवरण पेश नभएकोले एकिन सकिएन। गाउपालिकाले खरिद ऐन तथा नियमावलीको आधारमा करारको कर्मचारी छनोट भएको भनी सुनिस्चित गरिनुपर्दछ।	
२५.२				
२५.३	६७	२०७८-३-२३	**आमा समुह तथा गर्भवती आमाहरुसंग मातृ तथा शिशुसम्वन्धी छलफल कार्यक्रमः** गाउपालिकाले आमासमुह तथा गर्भवती आमाहरुसंग मातृ शिशुसम्वन्धी छलफल कार्यक्रम संचालन गरेकोभनी स्वास्थ्य सहसंयोजक चन्दीलाल साफीको रु ८४९३९६ को पेश्की फर्छयौट गरेको देखिन्छ। कार्यक्रम संचालन गर्नपूर्व लागत अनुमान तयार गरेको देखिएन। छलफल कार्यक्रम कैले कहा संचालन भएको अवधि खुल्ने प्रमाण र छलफलका विषय र माइन्युट संलग्न देखिदैन।आमासमुहको विवरण र अनुगमन र प्रगति प्रतिवेदन पेश गरेकोछैन भने कार्यक्रम संचालनको फोटो समेत उपलब्ध हुनसकेन। अतः कार्यक्रम संचालन भएकै होभनी एकिन गर्ने सहभागी आमासमुहहरुको विवरण छलफलको माइन्युट उपस्थिति तथा लागत अनुमान र प्रगति प्रतिवेदन पेशहुनुपर्ने रु	८४९,३९६
२५.४	५०	२०७८-२-३०	**क्षयरोग चौमासिक गोष्ठीः** गाउपालिकाले स्वास्थ्य तर्फ क्षयरोग सम्वन्धी चौमासिक गोष्ठी संचालन वापत स्वास्थ्य संयोजक मो नसिम राइनलाई रु ६८३२० भुक्तानी गरेको छ। कार्यक्रमको प्रगति प्रतिवेदन पेश भएको छैन।कार्यक्रम संचालनको व्यानरसहितको फोटो संलग्न देखिदैन। सभाहल र जेनेरेटर तथा प्रोजेक्टर भाडावापत रु १० हजार भुक्तानी गरेकोमा भरपाईमा गापा सभाहलमा कार्यक्रम संचालनभएको भनी उल्लेख भएको र गापासंगै आफ्नै जेनेरेटर र प्रोजेक्टर रहेको अवस्थामा अलग्गै भाडा भुक्तानी भएको असुल हुनुपर्ने रु	१०,०००

२५.५	५४	२०७८-३-१५	**कुष्ठरोग विरामी परिवार तथा छिमेकीको परीक्षण तथा एलपिइपी सेवा विस्तारः** गाउपालिकाले कुष्ठरोग विरामी परिवार तथा छिमेकीको स्वास्थ्य परीक्षण लगायतको कार्यमा रु १ लाख खर्च गरेको देखिन्छ। स्वास्थ्य परीक्षण अन्तर्गत के कति परीक्षण गरिएको र कस्तो स्थिति देखिएको सम्वन्धमा प्रतिवेदन पेश भएको देखिएन। स्वास्थ्य उपसंयोजक चेदीलाल साफीले सहभागिता भत्ता लिएको अवस्थामा समेत अलग्गै उपचार पद्दतिमा समावेसभनी रु ५००० भत्ता र एलपिइपी कार्यक्रममा प्रतिवेदन वेगरनै रु ५००० प्रतिवेदन तयारी भत्ता भुक्तानी गरेको छ। साथै तथ्यांक विष्लेषण कार्य गरेवापत रु ५००० अतिरिक्त भत्ता लिएको देखिन्छ।यसरी सहभागिता भत्ता लिएको अवस्थाका सो वाहेकको उपचारपद्दति भत्ता एवम विश्लेषण भत्ता र प्रतिवेदन तयारीको अलग्गै भत्ता प्राप्त गर्ने आधार पेशहुनुपर्ने अन्यथा सम्वन्धितवाट असुल हुनुपर्ने रु	१२,७५०
२५.६	५७	२०७८-३-१६	**नवजात शिशु तथा वालरोग एकिकृत व्यवस्थापन कार्यक्रमः** प्रदेश२ सरकारले जारी गरेको प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ मा कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयकै श्रोतव्यक्ति प्रशिक्षक भएमा कक्षा लिएवापत पारिश्रम नपाइने व्यवस्था छ।गाउपालिकाले नवजात तथा वालरोग एकिकृत व्यवस्थापन कार्यक्रममा रु ९९१०० खर्च लेखेको छ। कार्यक्रममा प्रशिक्षकको रुपमा स्वास्थ्य संयोजक श्री मो नसिम तथा सहसंयोजक चन्दीलाल साफीले रु ६००० भुक्तानी लिएको देखिन्छ। कार्यक्रम संचालन भएको मिति अवधि तथा फोटो संलग्न देखिदैन भने उपस्थिति समेत पेशहुन सकेन।अत कार्यालयले संचालन गरेको कार्यक्रममा कार्यालयकै कर्मचारीले लिएको प्रशिक्षण भत्ता करकटी गरी असुल हुनुपर्ने रु	५,१००
२६			**कोभिड व्यवस्थापन**	
२६.१			**लागत अनुमान तयार नगरी खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ (संशोधन सहित २०७७) को नियम १३ मा भाडामा लिईने सवारी साधनको लागत अनुमान तयार गर्न सम्बन्धित सार्वजनिक निकायका प्रमुखले त्यस्ता साधन सम्बन्धि ज्ञान भएको बढीमा ३ जना दक्ष प्राविधिकको एक समिति गठन गरी उक्त समितिबाट भाडामा लिने सवारी साधनको आयु, स्पेशिफिकेसन, प्रचलित बजार दर, भाडामा लिने अवधि, ईन्धनको मूल्य र खप्त जस्ता कुराहरु विचार गरी लागत अनुमान तयार गरी नियमानुसार प्रतिस्पर्धाबाट सवारीसाधन भाडामा लिनुपर्ने व्यवस्था छ । कार्यालयले नियमानुसार लागत अनुमान तयार नगरी मासिक रु.१ लाख १० हजारका दरले एम्बुलेन्स भाडामा लिई रु.१०८५०००।खर्च लेखेको छ । नियमानुसार लागत अनुमान तयार गरेरमात्र भाडामा लिने कार्य गर्नु पर्दछ ।	
२६.२			जोखिम भत्ताः आर्थिक वर्ष२०७६।७७ को क्वारेन्टाईन संचालन वापत २०७६ चैत्र देखि २०७७ आषाढ मसान्त सम्म र आर्थिक वर्ष २०७७।७८ को श्रावण १ देखि माघ मसान्त सम्म क्वारेन्टाईन संचालन ५० प्रतिशत र ७५ प्रतिशत जोखिम भत्ता वापत ४० जना स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई रु.२९९३९६७। जोखिम भत्ता भुक्तानी गरेको देखियो । आर्थिक वर्ष २०७६।७७ को जोखिम भत्ता भुक्तानी दिंदा म.ले.पा.फा. नं २२१ भुक्तानी दिन बाँकी खाता तथा कच्चावारी प्रमाणित नगराई भुक्तानी गरेकोछ भने क्वारेन्टाईन संचालनमा खटिएको ४० जना कर्मचारीले कार्य गरेको समय र अवधि तथा विरामीको विवरणसमेत भौचरसाथ संलग्न नगरी जोखिम भत्ता उपलव्ध गराएको छ। अत गतवर्षको मलेपफान २२१ तथा यसवर्षको विवरण वेगरको भुक्तानीको वास्तविक्ता एकिन गर्ने आधार रहेन।	
२६.३			आय कर ऐन २०५८ (संशोधन सहित २०७७) को दफा ८८ बमोजिम सेवा शुल्क, कमिसन, विक्री वोनस, अवकाश भुक्तानी तथा अन्य प्रतिफलमा भुक्तानी गर्दा कुल भुक्तानीको १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ ।आर्थिक वर्ष २०७६।७७ र २०७७।७८ मा क्वारेन्टाईन तथा आईसोलेसनमा खटिएका कर्मचारीहरुलाई जोखिम भत्ता रु.२९९३९६७। भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर रु.२९९२९।कट्टा गरेकोमा नियमानुसार लाग्ने १५ प्रतिशत रु.४४९०९२। मा सामाजिक सुरक्षा कर घटाई नपुग कर रु.४१९१६३। असुल उपर गर्नु पर्ने रु.	४१९,१६३

क्र.सं.	कर्मचारीको नाम र पद	कुल भत्ता रकम	लाग्ने कर १५प्रतिशत	कट्टी कर १ प्रतिशत	नपुग कर
१.	स्वास्थ्य संयोजक श्री मो. नसिम राईन	२९६९१७	४४५३७	२९६९	४१५६८
२.	उप संयोजक चन्दिलाल साफी	२३२६५०	३४८९७	२३२६	३२५७१
३.	सि.अ.हे.व. अब्दुल खालिक अन्सारी	७१९८०	१०७९७	७१९	१००७८
४.	सि.अ.हे.व.देबेन्द्र बिर मघौया	७१९८०	१०७९७	७१९	१००७८
५.	सि.अ.हे.व.अनिल कुमार चौधरी	७१९८०	१०७९७	७१९	१००७८
६.	सि.अ.हे.व. हरि नारायण साह	७१९८०	१०७९७	७१९	१००७८
७.	सि.अ.हे.व. रामनाथ यादव	७१९८०	१०७९७	७१९	१००७८
८.	सि.अ.न.मि.ईन्दु देवि दत्त	५६४००	८४६०	५६४	७८९६
९.	सि.अ.हे.व.विभा देवी दत्त	५६४००	८४६०	५६४	७८९६
१०.	सि.अ.हे.व.नारायण झा	५६४००	८४६०	५६४	७८९६
११.	सि.अ.हे.व.उमाकान्त चौधरी	५६४००	८४६०	५६४	७८९६
१२.	हे.अ. रोशन कुमार साह	१५५१००	२३२६५	१५५१	२१७१४
१३.	अ.न.मि. अनु कुमारी यादव	१४६३५५	२१९५३	१४६३	२०४९०
१४.	अ.हे.व. संजय कुमार दास	५३२२०	७९८३	५३२	७४५१
१५.	सि.अ.न.मि. मनिषा कुमारी चौधरी	१४९५३५	२२४३०	१४९५	२०९३५
१६.	हे.अ. विजय कुमार गुप्ता	५६४००	८४६०	५६४	७८९६
१७.	अ.न.मि. नम्रता कुमारी चौधरी	५३२२०	७९८३	५३२	७४५१
१८.	अ.हे.व. बलराम कुमार मंडल	५३२२०	७९८३	५३२	७४५१
१९.	अ.हे.व. गोपाल प्रसाद साह	१४६३५५	२१९५३	१४६३	२०४९०
२०.	अ.हे.व.विसुन प्रसाद यादव	५३२२०	७९८३	५३२	७४५१

२१.	अ.न.मि.कंचन कुमारी	५३२२०	७९८३	५३२	७४५१
२२.	अ.न.मि.शशिकला कुमारी साह	५३२२०	७९८३	५३२	७४५१
२३.	अ.हे.व. हरिनन्दन साह	१०६४४०	१५९६६	१०६४	१४९०२
२४.	अ.हे.व. सरोज कुमार यादव	५३२२०	७९८३	५३२	७४५१
२५.	सहायक चौथो नारायणी पन्त	५३२२०	७९८३	५३२	७४५१
२६.	अ.हे.व.दुर्गा प्रसाद यादव	१०६४४०	१५९६६	१०६४	१४९०२
२७.	अ.हे.व.ललित कुमार साह	५३२२०	७९८३	५३२	७४५१
२८.	अ.न.मि.उषा कुमारी चौधरी	५३२२०	७९८३	५३२	७४५१
२९.	अ.हे.वा. शुशिल कुमार मेहता	५३२२०	७९८३	५३२	७४५१
३०.	अ.न.मि.मधु कुमारी चौधरी	२८०००	४२००	२८०	३९२०
३१.	अ.न.मि. बिभा कुमारी साह	२८०००	४२००	२८०	३९२०
३२.	अ.न.मि.मिकी कुमारी यादव	१२११३५	१८१७०	१२११	१६९५९
३३.	अ.न.मि.अमृता कुमारी झा	२८०००	४२००	२८०	३९२०
३४.	पोषण संयोजक रोशन कुमार चौधरी	३००००	४५००	३००	४२००
३५.	सा.प. राम नारायण यादव	३६०००	५४००	३६०	५०४०
३६.	का.स. ललित पासमान	६४८००	९७२०	६४८	९०७२
३७.	सवारी चालक जयकिशोर यादव	१८३४०	२७५१	१८३	२५६८
३८.	सवारी चालक विनोद पासमान	२४०००	३६००	२४०	३३६०
३९.	प्र.स.नि. कुमार अधिकारी	२६५७०	३९८५	२६५	३७२०
४०.	हवल्दार अजय कुमार झा	२२०१०	३३०१	२२०	३०८१
	जम्मा	२९९३९६७	४४९०९२	२९९२९	४१९१६३

२६.४ **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ (संशोधन सहित २०७७) को नियम ८५ मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढी रकमको सोझौ खरिद गर्दा मौजुदा

			सूचीमा रहेका कम्तिमा ३ वटा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने र एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी ५ लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्न नसकिने व्यवस्था छ । कार्यालयले ३ वटा एम्बुलेन्स सेवा प्रदायकसंग दरभाउपत्र वा प्रस्ताव माग नगरी सोझै एम्बुलेन्स संचालक मो. नसिम राईनसंग मिति २०७६।१२।२ मा मासिक रु.१ लाख १० हजार दरले सम्झौता गरी रु.१०८५०००।वजेट खर्च लेखेकोदेखियो। कार्यालयले एम्बुलेन्स संचालन वापत रु.१०८५०००। वजेट खर्चलेखेमा एम्बुलेन्स सेवा प्रदान गरीएका लाभग्राही , क्वारेन्टाईनमा सेवा पुयाएको विवरण, मिति, समयअवधि, एम्बुलेन्स चलेको स्थान तथा लगबुक व्यस्थित नगरी निवेदनको आधारमा भुक्तानी गरेको देखिएकोले कार्यालयको विशेष ध्यान जानुपर्ने एवम प्रस्ताव मागनगरी सोझै खरिद गरेको नियमित मान्न सकिएन।	
२७			**कोभिड व्यवस्थापन प्रतिवेदन प्रणाली**	
२७.१			**समिति गठन**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोपाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थाप२०७ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ **वार्षिक प्रतिवेदन**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथाप्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । **जिन्सीः**आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० अनुसार पालिकाले कोभिड १९ को ब्यबस्थापनमा खरिद गरेका र हस्तान्तरण भइ आएका जिन्सी मालसामानहरुको मौज्दात बिबरण तयार गरी भौतिक निरिक्षण गराइ प्रतिवेदन लिएको देखिएन ।	
२७.२	६	२०७८-३-२४	**सोझै खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ (संशोधन सहित २०७७) को नियम ८५ मा सार्वजनिक निकायले एक लाख रुपैया भन्दा बढी रकमको सोझौ खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा ३ वटा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने र एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी ५ लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्न नसकिने व्यवस्था छ ।कार्यालयले आईसोलेशनमा सेन्टरमा प्रयोग गरिने विभिन्न सामाग्रीहरु ३ वटा सेवा प्रदायकसंग दरभाउपत्र वा प्रस्ताव माग नगरी सोझै गंगा लिला मेडिकल हललाई रु.८९९६०५वजेट खर्च लेखेको अनियमित देखिएको रु.	८९९,६०५
२७.३	७	२०७८-३-२४	आर्थिक वर्ष २०७७।७८ मा बलान विहुल गाउँपालिका वडा नं १ मल्हिनीया स्वास्थ्य चौकीमा संचालित क्वारेन्टाईनमा खाना खाजा व्यवस्थापन गरे वापत अंजली होटल(६०७६४९३०५) विल नं २०८ देखि ३००, १०१ देखि १८७ सम्म १८० टुक्रा विल मात्र पेश गरी रु.२३४३२००।भुक्तानी गरेको छ ।कार्यलयले विल मात्र पेश गरी प्रकोप व्यवस्थापन कोषबाट रु.२३४३२००। खर्च लेखेकोमा कार्यालयले क्वारेन्टाईनमा कति जना खाना खाजा खाएको, कति दिन सम्म क्वारेन्टाईन संचालन भएको, लागत अनुमान तयार नगरेको, अनुगमन प्रतिवेदन पेश नभएको, क्वारेन्टाईनको अभिलेख पेश नगरेकोले क्वारेन्टाईनमा भएको खर्च एकिन गर्ने आधार पेश गर्नुपर्ने रु	२,३४३,२००

२८	विभिन्न भौचर			**संघिय सशर्ततर्फको प्रमाण पेशहुनुपर्ने** **संघिय सरकारवाट हस्तान्तरित कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।गाउपालिकाले देहायको खर्चलेख्दा कैफियत देखिएकोले कैफियतमा उल्लेखित प्रमाण पेशहुनुपर्ने रु	२,८४५,१९९

गोभौ न र मिति	आपूर्तको नाम	खर्चको प्रकृति	रकम	कैफियत
२०।०७८।१२।२२	एटुजेड ट्रेड एण्ड सप्लायर्स	सामसुग टयावलेट खरिद	१९१९८१	लागत अनमान जिन्सी दाखिला र सहायक जिन्सी श्रेस्ता पेश हुनुपर्ने
६४।०७८।०३।२३	मो नसिम राइन	आखा नाककान लगायतको स्वास्थ्य तालिम	८००००	तालिम संचालनको अवधि तस्विर र उपस्थिति सहित प्रगति प्रतिवेदन पेशहुनुपर्ने
६६।०७८।०३।२३	निर आर्ट	ओपिडी छपाई	७९९८०	दाखिला प्रतिवेदन पेशहुनुपर्ने
७०।०७८।०३।२३	मुकेश ट्रेडर्स एण्ड सप्लायर्स	न्यानो झोला वितरण २१५ प्याकेट र अन्य सामाग्री	४७९७४५	लागत अनुमान दाखिला प्रतिवेदन एवम वितरणको भरपाई पेशहुनुपर्ने
९०।०७८।०३।२४	जयमा काली ट्रेडर्स	व्युटी पार्लर सामाग्री खरिद	३५१२९०	दाखिला एवम हस्तान्तरण फारम एवम भ्याट कटी नगरेकोले कर समायोजनको पत्र पेशहुनुपर्ने
९१।०७८।०३।२४	मसानी कन्सट्रक्सन	वाड न २ को स्वास्थ्य चौकी भवन अगाडी माटो पुर्ने काम	३९१८८२	लागत अनुमान नापी कार्यसम्पन्न विल ठेक्का विल र सम्झौता पेशहुनुपर्ने
१०२।०७८।०३।२४	सुरेन्द्र कुमार यादव	फ्लेक्स प्रिन्ट र पम्लेट	१०००००	दाखिला एवम प्रयोगको अवस्था खुल्ने प्रमाण पेशहुनुपर्ने
१०४।०७८।०३।२५	दिप ट्रेडर्स	छाता वर्षाती लगायतको सामाग्री	९९७७९	दाखिला र वितरणको भरपाई पेशहुनुपर्ने
११७।०७८।०३।२९	चांदनी ट्रेडर्स	वर्साती र झोलाहरु	९९५७५	दाखिला र वितरणको भरपाई पेशहुनुपर्ने
११७।०७८।०३।२९	मुकेश ट्रेडर्स	वर्सात र झोला खरिद	९८१२५	दाखिला र वितरणको भरपाई पेशहुनुपर्ने
११८।०७८।०३।२९	मातृ तथा नवशिशु कार्यक्रम	दाखिला र वितरणको भरपाई पेशहुनुपर्ने	३०००००	विल भरपाई पेश हुनुपर्ने
१२७।०७८।०३।३०	देव इलेक्ट्रोनिक्स	सुधारिएको चुलो जडान	१९८३९१	विल भरपाई सम्झौता र नापी कार्यससम्पन्न पेशहुनुपर्ने
७७।०७८।०३।२३	नन्दनी इलेक्ट्रिकल पसल	लघुउधम तालिम अन्तर्गत मोटर र सिलाई मेशिन वितरण	१७४४५५	दाखिला प्रतिवेदन एवम मटर जडानको नापी पेशहुनुपर्ने

१०७।०७८।०३।२७	अवतार इन्टरप्राइजेज	स्वास्थ्य तर्फको इन्धन खरिद	१९९९९६	पालिका चालुवाट नियमित इन्धनको भुक्तानी भएको अवस्थामा अलग्गै स्वास्थ्यवाट इन्धन खरिदको प्रयोजन पेशहनुपर्ने
		जम्मा	२८४५१९९	

२९

तलवी प्रतिवेदन स्वास्थ्य

null

३०

सामाजिक सुरक्षा

१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमै रकम फिर्ता गर्नुपर्नेमाआर्थिक वर्ष २०७७।७८मा वडा नं १ देखि ६ सम्म लक्ष्मी बैंक लिमिटेडलाई प्रथम किस्ता रु.२११४१४५०।, दोश्रो किस्ता रु.२१६४७९४७।र तेश्रो किस्ता रु.२३४९९४११। गरी कुल रु.६६२८८८०८।निकासा भई रु.६६१५७१४३।वितरण गरी बाँकी रु.१३१६६५।मिति २०७८।०६।१२ गते कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गरेकोले कार्यविधि अनुसार समयमै फिर्ता गर्नुपर्ने र लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरण गरेको बैंक स्टेटमेन्ट पेश नभएकोले बैंकले पेश गरेको चिठी सत्य तथ्य छ भने एकिन गर्ने आधार नभएकोले यस सम्बन्धमा कार्यालयले चौमासिक रुपमा बैंक स्टेमेन्ट लिई वितरण रकम एकिन गर्नु पर्नु पर्दछ ।

२. अनुगमन तथा निरीक्षणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा गाउँकार्यपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन। यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन।

३. **लगत कट्टः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने ब्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिन भित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएमा नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या एकिन गर्न सकिएन ।

४. **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धि सूचना स्थानीय एफ.एम. लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीय तहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ ।यस वर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन ।

५. **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम स्थानीय तह तथा वडा समितिले भत्ता सम्बन्धी विषयमा सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासो तथा सुझावमध्ये स्थानीय तहले आफुले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासो तथा सुझाव सम्बन्धका लागि स्थानीय तह, प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पढाउनु पर्ने व्यवस्था भएकोमा सो बमोजिम सार्वजनिक सुनुवाई भएको देखिएन ।

३१

कर्मचारीको तलवी प्रतिवेदन

३१.१

तलवी प्रतिवेदनःनिजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारीको तलवी प्रतिवेदन पास नगरी रु ९९३८४६४।८३ तलव खर्च लेखेकोमा तलव र ग्रेड भिडान गर्न सकिएन। कर्मचारीको दरवन्दी एवम पदपूर्ति र सरुवाको अभिलेख माग गरिएकोमा पेशहुन नसकेकोले दरवन्दी वमोजिमकै पदपर्ति भएको र फाजिलका कर्मचारी नरहेको भनि एनिन गर्नसक्ने आधार रहेन। कर्मचारीको तलवभत्ता नपुगभनीविभिन्न अन्यशिर्षकवाट तलवभत्ता भुक्तानी गरेको देखियोभने कतिपय डोरहाजिरमा कामगर्नेको ज्याला र सरसफाई शुल्कलगायतसमेत पारिश्रमिक कर्मचारीवाट भुक्तानी गरेकोदेखियो। अत ऐनको व्यवस्था पालनगरी तलवी प्रतिवेदन पासगरेरमात्र तलवभत्ता खर्च लेखिनु पर्दछ भने सम्वन्धित शिर्षकवाटमात्र भुक्तानी हुनु पर्दछ।साथै दरवन्दी पदपुर्ति लगायत कर्मचारीको अभिलेख व्यवस्थित राखिनुपर्दछ।

३१.२				
३२			**धरौटी** धरौटीः गत वर्षको धरौटी जिम्मेवारी केति सारेको तथा यस वर्ष केकति प्राप्त र फिर्ताको नाम नामेसी विवरण तयार नगरेकोले धरौटी बाँकीको व्यक्तिगत विवरण तयार गरी नाम नखुलेकोले म्याद सक्ने धरौटी सदरस्याहा गर्नु पर्ने देखिएन।कार्यालयबाट धरौटि बाकीको नामनामेसि बिबरण पेश भएन ।जसबाट मौज्दात कस कसको हो एकिन गर्न सकिएन ।नामनामेसी बिबरण तयार गरी नाम नखुलेको धरौट सदरस्याहा गर्नुपर्ने देखिन्छ।	
३३	६३	२०७८-१-२१	**सोझै खरिदतर्फ** **गत आवको भुक्तानीः६३।०७८।०१।२१** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालु वर्षको वजेटले नखामेको खरच व्यहोर्नु पर्ने उचित उचित आधार र प्रयाप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई वमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनेगरी माहालेखापरीक्षकवाट स्वीकृत ढाचा मलेपफन २२१ मा भुक्तानी दिन वाकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखानियन्त्रक कार्यालयवाट प्रमाणित गराई राख्नु पर्दछ।गाउपालिकाले आव २०७६।०७७ का विभिन्न शिर्षकमा भएका निम्न खर्चको मलेपफान २२१ प्रमाणित वेगर भुक्तानी गरेको नियमित नभएको रु	९५९,६०८

भुक्तानी प्राप्त गर्ने	खर्चको विवरण	रकम	कैफियत
श्री अमित कुमार मण्डल	६ महिनाको घरभाडा	४३२००	सम्झौता पेश नभएको र अवधि समेत नखुलेको
श्री विभेष कुमार यादव	४ महिनाको घरभाडा	२६८००	सम्झौता पेश नभएको र अवधि समेत नखुलेको
श्री वदमिया देवी साह	६ महिनाको घरभाडा	३९०००	सम्झौता पेश नभएको र अवधि समेत नखुलेको
श्री निलम कुमारी यादव	३ महिनाको घरभाडा	६००००	सम्झौता पेश नभएको र अवधि समेत नखुलेको
आर आर स्टेशनरी एण्ड ट्रेडर्स	स्टेसनरी सामाग्री	११४१३०	लागत अनुमान तयार नगरेको र एकै प्रकृतिको सामाग्री टुक्रापारी खरिद गरेको
आर एण्ड ए सर्भिसेज	स्टेसनरी सामाग्री	३९५००	
दिपेश स्टेसनरी एण्ड जेनेरल अर्डर	स्टेसनरी सामाग्री	८४०१५	
न्यू यदुवंशी अफसेट प्रेस	स्टेसनरी सामाग्री	८१९२८	
राहुल स्टेसनरी एण्ड ट्रेडर्स	स्टेसनरी सामाग्री	९२६६०	
सगरमाथा किराना पसल	स्टेसनरी सामाग्री	२६८३७५	
सिएसई इ कम्प्युटर लिंक	स्टेसनरी सामाग्री	११००००	
जम्मा		९५९६०८	

३४			**औषधी खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २० लाख रुपैंयासम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने, नियम ८४(१क) मा रु.50 लाख रुपैंया सम्मको	२,४७६,१०८

			औषधीजन्य मालसामान सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ । गाउपालिकाले कोटेशनमार्फत जस्मिन मेडिसिन्सवाट गाउपालिका चालुतर्फ रु ७७०००० र रु४९९९३८ तथा संघिय सशर्ततर्फ रु १२०६१७० गरी रु २४७६१०८ को औषधी खरिद गरेको छ।यसरी खरिद गर्दा देहायको कैफियत देखिएकोले नियमित नभएको रु · पटक पटक टुक्रापारी खरिद गरिएको · स्वास्थ्य लगायतको शाखाहरुवाट औषधी मागगरेको फाराम पेश नभएको · लागत अनुमान वेगर खरिद गरेको · उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा एवम शिलवन्दी दरभाउपत्र मार्फत खरिद नगरी सोझै कोटेशनको आधारमा खरिद गरेको · औषधीको तुलनात्मक विवरण वनाउदा परिमाणलाई गणनामा आधार नमानी प्रतियुनिट दरको कुलजम्मालाईमात्र मानेको · आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, · आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । · औषधिको जिन्सी दाखिला र जिन्सी कितावमा चढाएको प्रमाण पेश नभएको र हस्तान्तरण फारम समेत संलग्न नभएको · औषधि केकति हस्तान्तरण भएको र केकति स्टोरमा मौज्दात रहेको खुल्ने अभिलेख तयार नगरेको एवम मौज्दात रहेको औषधीको म्यादको सम्वन्धमा एकिन नगरिएको । · जिएमपिको प्रमाणपत्र सहित औषधीको विल पेश नभएको तसर्थ लागत अनुमान तयारगरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
३५	विभिन्न भौचर		**गाउपालिका चालुतर्फ टुक्रा खरिद** **टुक्रा खरिद**– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष नगरपालिका चालुवाट विभिन्न वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ एकै प्रकृतिका वस्तु तथा सेवालाई विभिन्न समयमा टुक्रा गरी प्रतिस्पर्धावाट वंचित हुने गरी खरिद गरेको देखिन्छ।उल्लेखित खरिदमा कैफियतसमेत देखिएकोले कैफियतमा उल्लेखित प्रमाण पेश हुनुपर्ने एवम टुक्रा गरी खरिद गरेकोमा नियमित नदेखिएको रु.	६,७१५,४६०

गोभौ न र मिति	आपुर्तकको नाम	खरिद सामाग्री	रकम	कैफियत
१०३।०७८।०३।२२	अलसुहाना अटो एण्ड इलेक्ट्रोनिक्स	गाडी तथा मोटरसाइकल मर्मत	२३७१७५	लागत अनुमान तथा मर्मत सवारीसाधनको विवरण नखुलेको एवम एकै भौचरवाट एकैप्रकृतिको मर्मत कार्य केहीदिनको फरकपारी टुक्रापारी कार्यगरेको
१०३।०७८।०३।२२	राजदेवी अटो मोवाइल	मोटरसाइकल मर्मत	४८७४४४	
१०३।०७८।०३।२२	शर्मा मोटर साइकल वर्कसप	मोटरसाइकल मर्मत	३८४७४५	
१०३।०७८।०३।२२	श्री राज इन्टरप्राइजेज	मोटरसाइकल मर्मत	२३०६०	
१२८।०७८।०३।२५	दिपक ट्रेडर्स एण्ड सप्लायर्स	मसलन्द सामाग्री खरिद	४९८४४३	३० प्रतिशत भ्याटकटी नगरेको एवम ०७७।११ वाट नन्फाइलर रहेकोले करसमायोजनको प्रमाण पेशहुनुपर्ने तथा दाखिला प्रतिवेदन पेशहुनुपर्ने
१२८।०७८।०३।२५	जयमा काली ट्रेडर्स	मसलन्द सामाग्री खरिद	४९४९४०	लागत अनुमान तथा दाखिला प्रतिवेदन पेशहुनुपर्ने
१२८।०७८।०३।२५	ओम वुक्स एण्ड जेनेरल सप्लायर्स	मसलन्द सामाग्री खरिद	३८७८४	
१३२।०७८।०३।२५	न्यु यदुवंशी अफसेट प्रेस	मसलन्द सामाग्री	९१३१७	विल भरपाई पेशहुनुपर्ने
१४३।०७८।०३।२७	लहान अफसेट प्रेस	कम्प्युटर मर्मत सामाग्री	२९२७२६	लागत अनुमान तथा दाखिला पेशहुनुपर्ने
१४३।०७८।०३।२७	सिएसई कम्प्युटर	कम्प्युटर मर्मत सामाग्री	४९१९३८	लागत अनुमान तथा दाखिला पेशहुनुपर्ने
१६६।०७८।०३।३०	विष्णुदेव मघैया	५ थान मोवाइलसेट खरिद	१०००००	दाखिला एवम वितरणको भरपाई र प्रयोजन तथा वितरण गर्न सक्ने कानुनी आधार पेशहुनुपर्ने
१६८।०७८।०३।३०	अंजली होटल	खाना खाजवापत	५६३५४०	विल भरपाई र प्रयोजन पेश हुनुपर्ने
१२५।०७८।०३।२४	आयुष ट्रेडर्स एण्ड सप्लायर्स	मसलन्द तथा कार्यालय सामाग्री	४९८३५८	लागत अनुमान दाखिला जिन्सी श्रेस्ता पेशहुनुपर्ने एवम ३० प्रतिशत मुअकर कटी नगरेकोले करसमायोजनको प्रमाण पेशहुनुपर्ने

१२५।०७८।०३।२४	एकता अफसेट प्रेस	मसलन्द तथा कार्यालय सामाग्री	४९९२३९	लागत अनुमान दाखिला जिन्सी श्रेस्ता पेशहुनुपर्ने एवम ३० प्रतिशत मुअकर कटी नगरेकोले करसमायोजनको प्रमाण पेशहुनुपर्ने
१२५।०७८।०३।२४	दिपक ट्रेडर्स	मसलन्द तथा कार्यालय सामाग्री	४६३८०८	लागत अनुमान दाखिला जिन्सी श्रेस्ता पेशहुनुपर्ने एवम ३० प्रतिशत मुअकर कटी नगरेको र ननफाइलर समेत रहकोले करसमायोजनको प्रमाण पेशहुनुपर्ने
१२५।०७८।०३।२४	एकता ट्रेडर्स	मसलन्द तथा कार्यालय सामाग्री	३६९६२३	लागत अनुमान दाखिला जिन्सी श्रेस्ता पेशहुनुपर्ने एवम ३० प्रतिशत मुअकर कटी नगरेकोले करसमायोजनको प्रमाण पेशहुनुपर्ने
१२५।०७८।०३।२४	दिप ट्रेडर्स	मसलन्द तथा कार्यालय सामाग्री	८८०३२०	लागत अनुमान दाखिला जिन्सी श्रेस्ता पेशहुनुपर्ने एवम ३० प्रतिशत मुअकर कटी नगरेकोले करसमायोजनको प्रमाण पेशहुनुपर्ने
१७२।०७८।०३।३०	नेपाल ट्रेडर्स	टोनर कार्टेज लगायत	३०००००	जिन्सी दाखिला र जिन्सी श्रेस्तामा आम्दानी वाधेको प्रमाण पेशहुनुपर्ने
		जम्मा	६७१५४६०	

३६			**गैरसरकारी संस्थावाट खरिद**	
३६.१			**गैर सरकारी संस्थावाट कार्य**-सार्वजनिक खरीद नियमावली२०६४को नियम९९ वमोजिम गैरसरकारीसंस्थावाट काम गराउनको लागि त्यस्तो कामको आवश्यक्ता किसिम, समयावधि, काम गुणस्तर, जनशक्ति कार्य संचालनको विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने, १५ दिनको सुचना गरी मौजुदा सुची तयार गर्नुपर्ने, उपरोक्त कार्यक्षेत्रगत शर्त पुरा गरी न्युनतम रकम प्रस्ताव गर्ने प्रस्तावको प्रस्ताव स्विकृति पेश गर्ने व्यवस्था कानुनले गरेको छ । गाँउपालिकाले आर्थिक वर्ष २०७७।०७८ मा कार्यहरु केही गैरसरकारी संस्थावाट गराएको सार्वजनिक सूचना गरी सूचीकृतवाट न्युन दस्तुर प्रस्ताव गर्नेवाट खर्च लेख्नुपर्नेमा सोझै कार्य गराएको पाइयो।खर्च गर्दा कार्यक्रमको समयसारिणी संचालित कार्यक्रम एवम प्रशिक्षण विषयवस्तु र कार्यपत्र आदि समेत संलग्न नराखी खर्च लेखेको छ । लागतअनुमानतयारगरेकोछैन।मधेश प्रदेशको प्रदेश खर्च मापदण्ड २०७७ वमोजिम प्रति सहभागी मसलन्द रु १५०, खाजा रु २५० जस्ता व्यवस्था भएपनि कार्यक्रम संचालनको सारलागत भन्दापनि खाजा मसलन्द भाडा खर्चलगायत अप्रत्यक्ष खर्चमा वढी भुक्तानी गरेकोदेखिन्छ। कृषि महिला विकास पशु स्वास्थ्य लगायतको नियमिति कार्यक्रमसमेत गाउपालिकाको जनशक्ति प्रयोग नगरी गैरसरकारीसंस्थावाट गराएको दखिन्छ। गैरसरकारी संस्थालेभने पून पालिकाको कर्मचारीवाट वितरण प्रशिक्षण एवम अनुगमन गराई अलगै भत्ता वितरण गर्ने गरेको देखियो। गाउपालिकाको जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाउपालिकाको जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ।गैह्र सरकारी संस्था–सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धीतालिम, अभिमुखिकरण सवलीकरण, मूल प्रवाहिकरण जस्ता कार्य गैरसरकारी संस्थावाटगराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारीसंस्थावाट तोकिएको प्रक्रिया अपनाई कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ ।तर कार्यालयले प्रक्रिया पुरा नगरी तथा कार्यालयमा जनशक्ति रहेको र कार्यालयवाटैप्रभावकारी र मितव्ययी रुपमा सम्पन्न गर्न सक्ने काममा समेत गै.स.स. संग सम्झौतागरी कार्य गराएको नियमसम्मत देखिएन।	
३६.२	११२		**महिला सशक्तिकरणसम्वन्धी तालिमः** गाउपालिकाले महिला सशक्तिकरण सम्वन्धी तालिम संचालनगरे वापत न्यू समाज परिवर्तन नेपाललाई रु ३ लाख भुक्तानी गरेको देखियो। गैरसरकारी संस्थालाई पालिकाले सोझै छनोट गरेको देखियो भने कार्यक्रम संचालन गर्नको निमित्त लागत अनुमान समेत तयार गरेको देखिदैन। ०७२।०७३ देखिनै आय विवरण नवुझाएको देखिएको र दर्ता निवकरणको प्रमाणसमेत नभएकोले कानुनी जिवन्ततासमेत एकिन गर्न सकिएन। रु १६८०० को हाते पुस्तिका ३५० थान वितरण गरेको भनिएकोमा वितरणको भरपाई संलग्न छैन।कार्यालयमै कार्यक्रम संचालन गरेको फोटो संलग्न भएकोमा समेत हलभाडा वापत रु ५००० खर्च लेखेको देखियो। सहभागीलाई यातायात खर्च रु १	१३,०००

			लाख २० हजार वितरण गरेको देखियो।प्रस्तावनापत्र तालिम प्रतिवेदन र लेखावापत रु २००० कादरले ५ दिनको रु १०००० भुक्तानी गरेको देखियो। कार्यक्रममा प्रगति प्रतिवेदन तयार गरेको देखिदैन। कार्यक्रमको अनुगमन भएको देखिदैन।अत कार्यालयको हलमा कार्यक्रम संचालन हुदा भुक्तानी गरेको भनिएको हलभाडा रु ५००० तथा लेखा र प्रस्तावनावापतको उपलब्ध गराएको रु १०००० भत्ता करकटी गरी असुल हुनुपर्ने रु	
३७			**आर्थिक सहायता खर्च**	
३७.१	५९	२०७८-१-९	**महायज्ञवापतको भुक्तानीः** ५९।०७८।०१।०९ स्थानीय सरकार संचालन ऐन,२०७४ मा गाउपालिकालाई आर्थिक सहायता दिने, शुमकामना तथा समवेदना वापत खर्च लेख्न पाउने व्यवस्था गरेको छैन । पालिकाको वाड न ४ मा श्री श्री १०८ श्री राम मानस नाम मानस महायज्ञ संचालन खर्च भनी श्री राम नाम मानस महायज्ञ समितिलाई रु १३ लाख ५० हाजर भुक्तानी गरेको छ। गाउसभावाट रु ११ लाख ५० हजार वजेट विनियोजन गरेकोमा रु २ लाख थप धार्मिक सास्कृतिक संरक्षणवाट २ लाख भुक्तानी गरेको देखिन्छ। ९ दिन यज्ञ संचालन गरेको भनेपनि वडा अध्यक्षको सिफारिस संलग्न छैन भने व्यानरको तस्विरमा कहिकतै ९ दिन संचालन भएको भनी एकिन गर्ने आधार छैन। गाउपालिकाले आयोजना गरेको भनिएकोमा गाउपालिका वा वडाको नाम कहिकतै उल्लेख नगरी अध्यक्षको रुपमा शंकर गप्ता उल्लेख गरेको देखिन्छ। सम्झौता वेगरनै भरपाईको आधारमा विभिन्न प्रवचनकर्ता एवम मुर्तिकारलाई भुक्तानी गरेकोछ। १५१ थान मुर्तिको रु ३ लाख ५० हजार भुक्तानी गरेको भरपाई संलग्न भएपनि तस्विर कहिकतै संलग्न छैन। ७ वटा स्वागत गेट एवम २३ थान पंडालवापतको रु ५ लाख ८५ हाजर खर्चलेखेकोमा एकिन गर्ने तस्विर संलग्न देखिदैन। कार्यक्रम संचालन पस्चात प्रगति प्रतिवेदन पेश गरेकोसमेत देखिदैन।अतः लागत अनुमान वेगर खर्च गर्ने र यस किसिमको आर्थिक सहायताका रुपमा वितरणमुखी कार्यमा खर्च गर्ने प्रवृत्तिमाथि नियन्त्रण गरी पूर्वाधारजन्य विकास निर्माणको कार्यमा खर्च गरी वजेट तथा कार्यक्रमको उदेश्य प्राप्त गर्न ध्यान दिनु पर्दछ ।	
३७.२			**आर्थिक सहायता**– स्थानीय सरकार संचालन ऐन,२०७४ मा नगरपालिकालाई आर्थिक सहायता दिने, शुमकामना तथा समवेदना वापत खर्च लेख्न पाउने व्यवस्था गरेको छैन । यस किसिमले आर्थिक सहायताका रुपमा वितरणमुखी कार्यमा खर्च गर्ने प्रवृत्तिमाथि नियन्त्रण गरी पूर्वाधारजन्य विकास निर्माणको कार्यमा खर्च गरी वजेट तथा कार्यक्रमको उदेश्य प्राप्त गर्न ध्यान दिनु पर्दछ । पालिकाले यस वर्ष धार्मिक तथा सास्कृतिक संस्था सहायतामा रु.५००००० आर्थिक सहायता उपलब्ध गराएको छ। यस्तो आर्थिक सहायता खर्च लेख्ने कार्यमा मितव्ययिता कायम गर्नुपर्दछ भने साहायताको रकम सम्वन्धित संस्थाको खातामा जम्मा नगरी व्यक्तिलाई उपलब्ध गराउने कार्यमा नियन्त्रण गरिनुपर्दछ।	
३७.३			**अन्य निकायको खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार भुक्तानी गरेको रकम नियमित देखिएन । यसरी खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।	

गोभौ न र मिति	निकायको नाम	कार्य	रकम
८०।०७८।०२।२८	सशस्त्र प्रहरी वल नेपाल वोर्डर आउट पोष्ट रामनगर	वाररिग तथा विजुली कार्य	४६८००
९५।०७८।०३।१४	मोडर्न सिभिल इन्जिनियरिग	अदालतमा जस्तापाता लगाउने कार्य	२४८८३९
११५।०७८।०३।२३	मंजिल इन्टरप्राइजेज	सशस्त्र प्रहरी वल ६ न गण सप्तरीको अल्मुनियम प्रोफाइल निर्माण	२०००००
जम्मा			४९५६३९

<table>
<tr><td>३७.४</td><td></td><td></td><td>शिक्षकको तलब निकासी :- अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्तगरी सञ्चालनमा रहेकार कुनैपनि दरबन्दीतथा राहत अनुदानकोटा प्राप्तनगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्नेगरी शैक्षिकसत्र २०७७ का लागि सहयोग अनुदानदिन सकिने व्यवस्थाछ।तर पालिकाले वित्तीयसमानीकरण अनुदानबाट रु १८१०००० शिक्षण सिकाई अनुदानभनी विभिन्न विधालयलाई निकासा गरेको देखियो।संघिय सरकार हस्तान्तरितवाट निकासा हुनुपर्ने शिर्षकमै उल्लेखित रकम गाउपालिकावाट निकासा भएकोले खर्चको विल भरपाई पेश हुनुपर्दछ र गाउपालिकाले दोहोरो परेको छैनभनी एकिन गर्नु पर्दछ।
<table>
<tr><th>गो.भौ.नं.मिति</th><th>विद्यालयको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४५।०७८।१२।२७</td><td>श्री राष्ट्रिय दुर्गातारा आधारभुत विधालय मल्हनिया</td><td>शिक्षण सिकाई अनुदानवापतको निकासा</td><td>२६००००</td></tr>
<tr><td>४५।०७८।१२।२७</td><td>श्री जनता माध्यामिक विधालय रामनगर कोदरकटी</td><td>शिक्षण सिकाई अनुदानवापतको निकासा</td><td>१००००००</td></tr>
<tr><td>४५।०७८।१२।२७</td><td>श्री राजेश्वरी आधारभुत विधालय मौवाहा</td><td>शिक्षण सिकाई अनुदानवापतको निकासा</td><td>५५००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३८</td><td>१२०</td><td>२०७८-३-४</td><td>सहकारीलाई अनुदान
सहकारीलाई अनुदानः १२०।०७८।०३।०४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। गाउपालिकाले रामनगर साना कृषि सहकारी संस्थालाई रु १० लाख अनुदान उपलव्ध गराएको छ। के कस्तो कार्यक्रमको निमित्त अनुदान उपलव्ध गराएको सम्वन्धमा लागत अनुमान तयार गरेको देखिदैन भने अनुदानको कार्यविधिसमेत निर्माण नभएको र अनुदान वितरणकोको निमित्त प्रस्ताव आव्हान र छनोटको आधारसमेत खुलेको देखिदैन। नेपाल चिलिंग भ्याट इण्डष्ट्रिजको विल संलग्न गरेपनि सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम प्रतिस्पर्धात्मक तवरले खरिद नगरी सोझै खरिद गरेको देखिन्छ। अनुदानको प्रभावकारिताको सम्वन्धमा कार्यालयवाट अनुगमन भएको देखिदैन। अत सार्वजनिक कोषको उपयोगगर्दा कार्यविधि तयारगरी प्रतिस्पर्धात्मक तवरले संस्था छनोटगर्नु पर्दछ। अनुदानवाट खरिद गरिएको सामाग्रीसमेत सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालनगरी प्रतिस्पर्धात्मक तवरले खरिद गर्ने र अनुदानको प्रभावकारिताको सम्वन्धमा पालिकावाट अनुगमन गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>वहुक्षेत्रिय पोषण</td><td></td></tr>
<tr><td>३९.१</td><td>१३२</td><td>२०७८-३-३१</td><td>पोषण सम्बन्धी ४ वटा कार्यक्रम संचालन गर्न गो.भौ.नं.३२।०७७।१२।२६ गते पेश्की लिई पेश्की फछ्यौंट गर्दा ३ वटा कार्यक्रमको विवरण पेश गरी रु.१००००००।भुक्तानी गरेको देखियो । पहिलो कार्यक्रम स्कुल नजाने किशोरीहरुका लागि दिने बृहत पोषण कार्यक्रम मिति २०७८।०१।११ देखि १२ गते बलान विहुलको सभा हलमा संचालन गरी रु.३८७२००।, दोश्रो कार्यक्रम स्वास्थ्यकर्मीहरुको ६ दिने बृहत पोषण कार्यक्रम मिति २०७८।१।३ देखि ८ सम्म वडा नं ३ जिवछ प्रसाद यादवको घरमा तालिम वापत रु.१५५८००।र तेश्रो कार्यक्रम महिला स्वयम सेविकाहरुको ३ दिने बृहत पोषण कार्यक्रम मिति २०७८।०१।८ देखि १० सम्म वडा नं ३ जिवछ प्रसाद यादवको घरमा तालिम संचालन गरेवापत रु.१४०७५०। भुक्तानी गरेको देखियो । चौथो कार्यक्रम गर्भबती आमाहरुलाई पोष्टिक खाद्यपदार्थ वितरण(मदर होर्लिक्स) वितरण गर्नका लागि लागत अनुमानमा ३०० जना गर्भबती आमाहरुलाई रु.१०००।दरले रु.३०००००।र ढुवानी वापत रु.१६२५०।गरी रु.३१६२५०।कार्यक्रम संचालन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा राजस्व दाखिला हुनुपर्ने रु.</td><td>३१६,२५०</td></tr>
<tr><td>३९.२</td><td></td><td>२०७८-३-३१</td><td>प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १५ बमोजिम तालिम, गोष्ठी, अन्तरक्रिया, सेमिनार, सम्मेलन, कार्यशाला लगायत कार्यक्रम संचालन गर्दा सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको श्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारीश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ ।बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका निम्न कार्यक्रम पालिकाभित्र कार्यपत्रवेगर संचालन गरेवापत प्रशिक्षक भत्ता र सहभागि भत्ता लिएकोमा कर कट्टी बाहेक रकम असुल उपर गर्नुपर्ने रु.</td><td>९७,७५०</td></tr>
</table>

गो.भौ. / मिति	विवरण	कर कट्टी बाहेक
८१। ०७८। ३।२३	बहुक्षेत्री पोषण तत्व मिश्रण भएको पिठो वितरण कार्यमा सहयोग गरेवापत ज.न.अ. रोसन कुमार समेत ३५ जनालाई २ दिन रु.७००।का दरले रु.४९०००।भुक्तानी, स्वा.संयोजक मो. नसिम राईनबाट बुझेको	४१६५०
१३२। ०७८। ३।३१	स्कुल नजाने किशोरीहरुको लागि दिने बृहत पोषण कार्यक्रम सम्बन्धि तालिममा प्रशिक्षक वापत स्वा.संयजक मो. नसिम राईन, सह संयोजक चन्दी लाल साफी र पोषण स्वम सेविका रोशन कुमारी चौधरीलाई २ दिनमा प्रति दिन १२।१२ सेशन गराए वापत रु.१०००।का दरले रु.३६०००।भुक्तानी	३०६००
१३२। ०७८। ३।३१	महिला स्वा. स्वम् सेविकाहरुको ३ दिने बृहत पोषण कार्यक्रममा प्रशिक्षक गराएवापत स्वा.संयजक मो. नसिम राईन, सह संयोजक चन्दी लाल साफी ३ दिनमा १०।१० सेशन रु.१०००।दरले रु.२००००। र हे.अरोशन कुमार साह, स्टाफ नर्स मघु कुमारी चौधरीलाई ३ दिनमा ५।५ सेशन रु.१०००।का दरले रु.१००००। भुक्तानी	२५५००
	जम्मा	९७७५०

४०			**लघुउधम तथा सिपविकास**	
४०.१	१३१	२०७८-३-३१	**लघुउधम तालिमः** गाउपालिकाले लघुउधम तथा सिपविकास तालिम अन्तर्गतका विभिन्न कार्यक्रम संचालन गरेवापत रु ७६४४०० खर्च लेखेकोछ। यसरी संचालित कार्यक्रमको लागत अनुमान तयार गरेको देखिएन भने कार्यक्रमको प्रगति प्रतिवेदन तथा तालिमको प्रमाणपत्र र सहभागीको हाजिरी पेश भएको देखिएन।अत लागत अनुमागन, तालिमको प्रमाणपत्र तथा सहभागीको उपस्थिति तथा कैफियत उल्लेखित प्रमाणसहित प्रगति प्रतिवेदन पेशहुनुपर्ने रु	७६४,४००

खर्च शिर्षक	रकम	कैफियत
३० दिने सिलाई कटाई तालिम ०२।०३ देखि ०३।०१ सम्म		
घरभाडा ६ वाडको रु ३५०० कादरले	२१०००	सम्झौता संलग्न नभएको
व्यानर ६ वाडको रु १५०० का दरले	९०००	व्यानरको विल पेशहुनुपर्ने
प्रशिक्षक पारिश्रमिक ३ जनालाई रु १३०० कादरले ३० दिनको	११७०००	प्रशिक्षको दर निर्धारणको आधार तथा छनोट प्रकृया र सम्झौता पेशहुनुपर्ने
प्रशिक्षकको यातायात खर्च ३ जनालाई २०० कादरले ३० दिनको	१८०००	पारिश्रमिक भुक्तानीगरेको अवस्थामा ३० दिननै यातायात खर्च भुक्तानी गर्नुको कारण पेश हुनुपर्ने
खाजा चिया लगायतको खर्च	२९७०००	मित्तव्ययिता कायम नभएको
१५ दिने लाहचुरा तालिम		
प्रशिक्षक भत्ता १५ दिनको रु १३०० कादरले	१९५००	दर छनोटको आधार र सम्झौता पेशहुनुपर्ने
प्रशिक्षकको यातायात खर्च	३०००	
खाजा पानी लगायतको खर्च	३८२५०	सहभागीको उपस्थिति
३० दिने व्युटिसियन तालिम		
घरभाडा	३५००	
व्यानर	१५००	
प्रशिक्षक भत्ता २ जनाको ३० दिनको रु १३०० कादरले	७८००	छनोटको र दर निर्धारणको आधार पेशहुनुपर्ने
प्रशिक्षक यातायात २ जनाको ३० दिनको रु २०० कादरले	१२०००	
खाजा तथा चिया खर्च	७६५००	
अन्य विविध खर्च ३ वटै तालिमको जम्मा	१०१३००	
जम्मा	७२५३५०	

४०.२	१२१	२०७८-३-२४	**सीपविकास तथा जनचेतना तालिमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।पालिकाले सिप विकास तथा जनचेतना कार्य गरेकोभनी एसके विशेषज्ञ परामर्शलाई रु ५ लाख भुक्तानी गरेको छ।	५००,०००

			प्रस्तावना वमोजिमको कार्य र खर्च भएकनभएको सम्वन्धमा प्रगति प्रतिवेदन पेश भएको छैन भने पालिकाले कार्यक्रमको सम्वन्धमा अनुगमन गरेको प्रतिवेदन समेत संलग्न गरेकोछैन। तालिम सम्पन्न पस्चात सहभागीलाई प्रमाणपत्र वितरण गरेको प्रमाण उपलव्धछैन भने प्रशिक्षकको विवरणसमेत संलग्न छैन।सहभागीको सहभागिता एकिन गर्ने हाजिरीसमेत पेश हुन सकेन। परामर्श संस्था २०७८ जेष्ठदेखिनै नन्फाइलर समेत रहेको देखियो।अत पालिकाले यससम्वन्धमा सत्यता एकिनगरी प्रतिवेदन पेशहुनुपर्ने रु	
४१	७२	२०७८-३-२३	**धानवाली पकेट क्षेत्र** **धानवाली पकेट क्षेत्र कार्यक्रमः** गाउपालिकाले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम वमोजिम धानवाली पकेट कार्यक्रम संचालन भएकवापत रु २० लाख खर्च गरेको देखिन्छ। वाड न १, ३ मा १ वटा र वाड न ५ मा २ वटा गरी ४ वटा धानवाली पकेट कार्यक्रम संचालन भएकोमा हरेक कार्यक्रमको रु ५ लाखको दरले ४ वटाको रु २० लाख खर्च गरेकोमा देहायको कैफियत देखिएको छ। यसैगरी एकै कार्यक्रमलाई समेत टुक्रापारी अलग अलग तवरले खरिद गरेको देखियो भने कार्यक्रमको अनुगमन र प्रगति प्रतिवेदन संलग्न छैन।सामाग्री वितरणको सम्वन्धमा सम्झौतामा स्पेशिफिकेसन खुलेको देखिदैन भने सम्वन्धित प्राविधिकवाट कार्यसम्पन्न प्रतिवेदन तयारगरी कृषकको वैठकवाट निर्णय अनुमोदनगरी अनुदान रकम भुक्तानी गर्नुपर्नेमा कार्यसम्पन्न प्रतिवेदननै तयार गरेको देखिएन। अत कैफियतमा उल्लेखित प्रमाण सहित सम्वन्धित प्राविधिकवाट प्रमाणित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु	२,०००,०००

विवरण	परिमाण	दर	जम्मा रकम ४ कार्यक्रमको	४वटा कार्यक्रमको कार्यालयले व्यहोरेको	कैफियत
उन्नतधान विउखरिद	४००० केजी	८०	३२००००	१६००००	वितरणको भरपाई पेश हुनुपर्ने
जैविक तथा रसाइनिक मल खरिद			१००००००	५०००००	सोझै खरिद
जग्गा तयारी खर्च			२०००००	१०००००	विल भरपाई पेश हुनुपर्ने
ज्यामी खर्च			२०००००	१०००००	डोरहाजिर पेश हुनुपर्ने
स्यालो ट्युवेल जडान	१६ थान	२५०००	४०००००	३४००००	जडान गरेको नापी पेशहुनुपर्ने
इलेक्ट्रिकल मोटर खरिद	१६ थान	२६०००	४१६०००	३५३६००	मोटर जडान गरेको नापी पेशहुनुपर्ने
राइस कटर मेशिन	८	३५०००	२८००००	१४००००	वितरणको भरपाई पेशहुनुपर्ने
वोरिग चार्ज	१६	२००००	३२००००	१३९०००	दर रेट निर्धारणको आधार
साइन वोर्ड	४	१०००	४०००	४०००	
अन्य विविध सामाग्री	४	३५६२०	१४२४८०	१४२४८०	
अन्य विविध खर्च		२०९२०	२०९२०	२०९२०	
जम्मा				२००००००	

४२			**वाख्रा पकेट क्षेत्र**	

४२.१	७१	२०७८-३-२३	**वाख्रा पकेट क्षेत्र कार्यक्रमः** गाउपालिकाले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम वमोजिम वाख्रा पकेट क्षेत्र पकेट कार्यक्रम संचालन भएवापत रु १५ लाख खर्च गरेको देखिन्छ। ३ संस्थामार्फत पकेट कार्यक्रम संचालन भएकोमा हरेक कार्यक्रमको रु ५ लाखको दरले ३ वटाको रु १५ लाख खर्च गरेकोछ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष संघिय सरकार चालुवाट प्रतिस्पर्धा वेगर विभिन्न ३ संस्थालाई छनोटगरी पाठी तथा वोका र घासको विउ तथा भेटनरी खोप र वाख्रापालन सम्वन्धी तालिम लगायतको कार्यक्रममा रु १५ लाख खर्च लेखेको छ।कृषि सहकारी संस्थाले विभिन्न व्यक्तिवाट भरपाईको आधारमा ९० थान वाख्रा र ६ थान वोका खरिदगरेकोमा वाख्रा तथा वोकाको दररेट निर्धारणको आधार स्पष्ट देखिदैन। भेटनरी खोपलगायतको विल र तालिमको खर्च संलग्नगरी कार्यालयलाई पेशगरेको आधारमा भुक्तानी गरेको देखिन्छ। कार्यक्रमको समष्टिगत लागत अनुमान तयार गरेको देखिदैन भने केकस्तो वोका र पाठी खरिद गर्नुपर्नेहो सो सम्वन्धमा सम्झौता र कार्यदिशमा समेत उल्लेख गरेकोदेखिदैन।खरिद गरिएको वोका र पाठीको स्पेशिफिकेसन उल्लेख नभएको र गुणस्तरियतासमेत एकिन गरिएको प्रमाण भेटिएन। खरिद गरिएको वोकाको मुल्य वरावरको रकमको विमा गर्नुपर्नेमा बिमा गरेको देखिएन।वोकाहरु शारिरीक रुपमा स्वस्थ्य भए नभएको पशु चिकित्सकबाट जाँचबुझ गराई सोको आधारमा स्वस्थ बोकाहरु मात्र खरिद गर्नुपर्नेमा स्वास्थ्य परीक्षणनै गराएको देखिएन। कार्यालयले कार्यक्रम संचालन गर्नुपूर्व कृषकस्तरमा सूचना प्रवाह गरी पर्न आएको आवेदनवाट कृषक छनौट गरी बोका वितरण गर्नुपर्नेमा कृषकको माग तथा छनौटको आधार तयार नगरी बोका खरिद गरेको देखियो। वितरण गरिएको कृषकको सम्पर्क नम्वर समेत नखुलेकोले र टयाग समेत उल्लेख नगरेकोले वोकाको भरपाईमा संलग्नले वोका वुझेकोसम्वन्धमा एकिन गर्न सकिएन। वितरण गरिएको वोका २ वर्षसम्म विक्री वितरण गर्न नपाउने उल्लेख भएपनि समयसमयलमा अनुमगन गरेको नदेखिएकोले वोकाको स्वास्थ्य अवस्था लगातय विक्री वितरण गरेको सम्वन्धमा सत्यता एकिन गर्ने आधार भएन। लागत अनुमानसमेत तयार नगरी सोझै खरिद गरेको तथा जात र तौलसमेत नखुलाई भरपाई संलग्न गरेको एवम वितरण गरेको वोकामा टयाग समेत उल्लेख नगरेकोले पालिकाले यससम्वन्धमा वृस्तित अनुगमन गरी भएको खर्च तथा वितरण गरेको वास्तविक संख्या र वितरणको छनोटको आधारसहितको अनुगमन प्रतिवेदन कैफियतमा उल्लेखित प्रमाणको पेश हुनुपर्ने रु	१,५००,०००

क्रियाकलाप	परिमाण	दर	जम्मा रकम ३ कार्यक्रमको	३ वटा कार्यक्रमको कार्यालयले व्यहोरेको	कैफियत
वाख्रा खोर निर्माण	९०	८०००	२७००००	०	भरपाई संलग्न भएपनि खोर निर्माण भएको नापी तथा अनुगमन पेश नभएको
माउ वाख्रा खरिद	९०	१००००	९०००००	९०००००	टुक्रापारी सोझै भरपाईको आधारमा खरिद
उन्नत जातको वोका खरिद	६	७५०००	४५००००	४५००००	टुक्रापारी सोझै भरपाईको आधारमा खरिद
घासको विउ खरिद	३०० केजी	१५०	४५०००	४५०००	
परजिवी नियन्त्रण तथा खोप	३ पटक	१००००	३००००	३००००	
वाख्रापालन तालिम	३ पटक	२५०००	७५०००	७५०००	खर्चमा मित्तव्ययिता कायम हुनुपर्ने

४२.२	१८०	२०७८-३-३१	**वोयर जातको बोका खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले उन्नत जातको वोका वितरण कार्यक्रमवापत रु ४७५००० खर्च लेखेको देखिन्छ। प्रति वोका रु १ लाखको दरले ३ वोकाको रु ३ लाखमा खरिद गरेकोभनी भरपाई संलग्न रहेकोमा केकस्तो जातको वोका कुन आधारमा दर निर्धारण गरेको आधार स्पष्ट देखिदैन। वोका वितरणको कार्यविधि वेगर सोझै ३ वोका ३ व्यक्तिलाई हस्तान्तरण गरेको देखिन्छ। हस्तान्तरण गरिएको वोकामा टयाग लगाएको देखिदैन भने विमासमेत गरेकोदेखिदैन। वितरण गरिएको वोकाको हालको अवस्थाको सम्वन्धमा अनुगमन गरेको नदेखिएकोले एकिन गर्ने आधार भएन। वाड न १ र ३ मा पशुपालन सम्वन्धी २ पटक तालिम संचलान वापत रु १ लाख खर्च लेखेकोमा तालिमको प्रतिवेदन संलग्न छैन। अत सार्वजनिक कोषवाट अनुदानमा वोका वितरण गर्दा कार्यविधि वेगर छनोटको आधार निर्धारण नगरी सोझै ३ व्यक्तिलाई हस्तान्तरण गरेको र वोकाको दर निर्धारणको आधार स्पष्ट नभएको र ट्याग समेत लगाएको नदेखिएकोले नियमित नभएको रु	३००,०००
४३	९६	२०७८-३-२४	**तथ्यांक संकलन भत्ता** तथ्यांक संकलन वापत कर्मचीरीलाई अलग्गै दैनिक भत्ताः अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५को परिच्छेद७ खर्चको मापदण्डसम्वन्धी निर्णयतथा कार्यविधिको ७।१।१मा वैठकभत्ताको मापदण्डको सम्वन्धमा व्यवस्था गरेकोछ। कार्यालयसमय अघिवापछी भएको वैठकमा मात्र भत्ता पाउने व्यवस्थाछभने एउटै निकायर अन्तगर्तका पदाधिकारी तथा कर्मचारीमात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्थाछ। पालिकाले तथ्याकं अधावधिक कार्यक्रम अनुसार पशु र कृषिशाखामा कार्यरत प्राविधिक कर्मचारीले कृषकको घरदैलोमा गई तथ्यांक संकलन गरेकोभनी ०३।१० देखि ०३।२० सम्मको अलग्गै भत्ता लिएको देखिन्छ। यसरी कार्यालयको नियमित कार्यमा पालिकाभित्रै तथ्यांक संकलन गर्दा भत्ता वितरण गर्न सक्ने आधार पेशहुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु क्रसं | पद | कर्मचारीको नाम | भुक्तानी रकम १ | अधिकृत छैठौ | मुसहरु साह | १६४०० २ | अधिकृत छैठौ | नथुनी मण्डल | १६४०० ३ | नापसे | कुलानन्द चौधरी | १२३०० ४ | नाप्रास | पशुपती महत्तो | १२३०० ५ | नाप्रास | वृजेश झा | १२३०० | जम्मा | | ६९७००	६९,७००
४४	५७	२०७८-३-२६	**महिला स्वयमसेविकाको प्रोत्साहन र वार्षिक समिक्षा वैठक** **महिला स्वयमसेविकाको प्रोत्साहन र वार्षिक समिक्षा वैठकः** ५७।०३।१६ गाउपालिकाले स्वयम सेविकाको प्रोत्साहन र वार्षिक समिक्षा वैठकमा रु ११०९५० खर्च गरेकोछ। वैठकको अवधि खुल्ने प्रमाण पेश भएकोछैन भने पालिकामा वैठक संचालन भएपनि हल प्रोजेक्टर र जेनेरेटर भाडा वापत रु ६००० खर्च लेखेकोछ। नियमित वैठकमा समेत स्वास्थ्य संयोजक तथा सहसंयोजकले प्रशिक्षक भत्ता वापत रु ४००० भुक्तानी लिएको देखिन्छ। वैठकमा के कस्तो समिक्षा भएको निर्णयको माइन्युट संलग्नछैन। अत कार्यालयमा भएको कार्यक्रममा भुक्तानी गरिएको हल प्रोजेक्टर र जेनेरेटर भाडा वापतको रकम र दुवै प्रशिक्षकले लिएको प्रशिक्षणवापतको भत्ता करकटी गरी असुल हुनुपर्ने रु	६,८००
४५	५३	२०७८-१-७	**वितरणको भरपाई पेशहुनुपर्ने**	९,३६०

			घासको विउ वितरणः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। गाउपालिकाले ७९५ केजि जैघास तथा १० केजी वसिम घास खरिद गरेको भनी रु ९९४०० खर्च लेखेको छ।घास वितरणको निमित्त कृषक छनोटको आधार देखिदैन भने वितरण गरेको अनुगमन समेत भएको देखिदैन। खरिद गरेको घासको विउमध्ये जैघासतर्फ ७१७ केजीमात्र वितरण गरेको भरपाई संलग्न देखिन्छ। अत नपुग ७८ केजीको वितरणको भरपाई पेशहुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	
४६			**प्रधानमन्त्री रोजगार कार्यक्रम** १. स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामुदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीयतहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६५६ जनालाई रोजगारी उपलव्ध गराई रु. १९२४६८७६।खर्च गरेको छ।लक्षित वर्गलाई ३० दिन देखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।	

क्र.सं.	निर्माण कार्य	अवधि	रोजगार पाउनेको संख्या	खर्च रकम
१	वडा नं.३ को लक्ष्मी नारायण मन्दिरको भित्रि भागको रंगरोगन तथा पोखरीहरुको मर्मत सम्भार कार्य	२०७७।१२।३१ देखि०७८।३।२०	१८ जना	६५३४८८
२	वडा नं.३ को दुधैलाटोल(साविकको मौवाहा वडा नं.८) को पोखरी संरक्षण तथा मर्मत सम्भार कार्य	२०७८।१।६ देखि०७८।३।१०	५२ जना	११९५८२१
३	वडा नं.३ को दुधैलाटोल(साविकको मौवाहा वडा नं.९) को पोखरी संरक्षण तथा मर्मत सम्भार कार्य	२०७८।१।६ देखि०७८।३।१०	४२ जना	११८७५४९
४	वडा नं.४ को बलान खोलामा नदी नियन्त्रण कार्य	२०७७।१२।३१ देखि०७८।३।१८	४८ जना	१९८५२८०
५	वडा नं.२ को दक्षिण दिघयाटोलमा बलान खोलामा नदी नियन्त्रण कार्य	२०७८।०१।०६ देखि०७८।३।१८	५५ जना	१८४८२७५
६	वडा नं.६ को सुखदेव दासको घर देखि नहर सम्म बाँध निर्माण तथा मर्मत सम्भार कार्य	२०७७।१२।३१ देखि०७८।०३।०४	४७ जना	१४९६१९८
७	वडा नं.६को धामी चौधरी घरदेखि पैनपैवि पोखरी सम्मको सडक मर्मत सम्भार कार्य	२०७८।०१।०५ देखि०७८।३।१३	३०जना	९९६७७६
८	वडा नं.५को डबरी पोखरीको मर्मत सम्भार कार्य	२०७८।०१।०६ देखि०७८।३।१०	५० जना	१७९४५०७
९	वडा नं.३ को पूर्व टोल देखि धामी पोखरी सम्मको सडक मर्मत सम्भार कार्य	२०७८।०१।१९ देखि०७८।२।२९	४८ जना	७९१५२७
१०	वडा नं.४को बेनी पोखरीको मर्मत सम्भार कार्य	२०७७।१२।३१ देखि०७८।३।१९	२४ जना	९९२६४०
११	वडा नं.४ बेल्हिको रा.प्रा.वि.(साविकको वडा नं.८) देखि पुर्व टिकुलिया सम्म सडक निर्माण तथा मर्मत सम्भार कार्य	२०७८।०१।०६ देखि०७८।३।१५	३० जना	९८४८८५
१२	वडा नं.३ को चकरघटी पोखरी पूर्व दक्षिण बाँध निर्माण	२०७८।०१।०६ देखि०७८।३।०४	३० जना	७८४८०६
१३	वडा नं.४ को हृदय यादव घर देखि पश्चिम ईनार सम्म सडक मर्मत सम्भार कार्य	२०७७।१२।३१ देखि०७८।३।१८	१२ जना	४९६३२०
१४	वडा नं.३ को कुम्हरा पोखरी मर्मत सम्भार कार्य	२०७८।०१।०६ देखि०७८।२।३०	३४ जना	४९६३२०
१५	वडा नं.५ को खेल मैदान मर्मत सम्भार कार्य	२०७८।०१।०६ देखि०७८।३।१५	२० जना	६५४५२२
१६	वडा नं.२ को डोरी डगरको मर्मत सम्भार कार्य	२०७८।०१।०९ देखि०७८।३।१०	२९ जना	८९९०६३
१७	वडा नं.३ को टिकुलिया टोल देखि उत्तर नहर सम्मको सडकको मर्मत सम्भार कार्य	२०७८।०१।१९ देखि०७८।२।३१	४५ जना	६९८४६७
१८	वडा नं.६ को जटयाही पोखरीको मर्मत सम्भार कार्य	२०७८।०१।०६ देखि०७८।३।१०	२२ जना	६९०७१२
१९	वडा नं.२ को पथराहाटोल देखि दक्षिण वडा नं.३ को रामटोल हुदै वडा नं.३ को नवनिर्मित वडा कार्यालय सम्म सडक मर्मत सम्भार कार्य	२०७८।०१।१० देखि०७८।३।०८		५९९७२०

			<table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१९२४६८७६</td></tr></table> २ **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (पहिलो संशोधन २०७७) निर्देशिका, २०७५ को दफा ७८ मा सम्बन्धि गाउँ कार्यपालिकाका लाभग्राहीहरुको संलग्नतामा वर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नु पर्ने व्यवस्था छ । पालिकाले सार्वजनिक सुनुवाई गरेको देखिएन । ३ **अनुगमन, मूल्यांकन तथा प्रतिवेदनः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (पहिलो संशोधन २०७७) निर्देशिका, २०७५ को दफा ७३ मा रोजगारको नियमित रुपमा अनुगमन तथा मूल्यांकन स्थानीय तहले कार्यक्रमको सम्बन्धि गाउँ कार्यपालिकाले गर्नु पर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन, मूल्यांकन गरी प्रतिवेदन पेश गरेको देखिएन । गाउँ कार्यापालिकाले अनिवार्य रुपमा आयोजनाहरुको नियमित अनुगमन गर्नु पर्दछ । ४ **पारदर्शिताः**प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (पहिलो संशोधन २०७७) निर्देशिका, २०७५ को परिच्छेद १३ बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि बेरोजगार भत्ता पाउने प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने, बेरोजगार सम्बन्धि सूचना प्रकाशन तथा प्रसारण गर्नुपर्ने, अद्यावधिक सूचना तथा जानकारी सार्वजनिक गर्नुपर्ने, गुनासो सुन्नका लागि गुनासो पेटिका राख्नु पर्ने, सेवाग्राही सुन्तुष्टि सर्वेक्षण गर्नुपर्ने व्यवस्था भएकोमा सो बमोजिमको कार्य गरेको देखिएन। ५.प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (पहिलो संशोधन २०७७) निर्देशिका, २०७५ को दफा ७० मा यस कार्यक्रम अन्तर्गत रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु कृषि, सहकारी तथा पशु विकास, उर्जा सिंचाई तथा नदि नियन्त्रण, खानेपानी तथा सरसफाई, वन तथा वातावरण, पर्यटन प्रवर्द्धन, सडक यातायात, सामुदायिक पूर्वाधार निर्माण अन्तर्गत विभिन्न कार्यक्रम संचालन गर्न सकिने उल्लेख भएकोमा यस पालिकामा अधिकांश रोजगार आयोजनामा कुलो, बाटो सरसफाई र मर्मत जस्ता कार्यमा खर्च गरेको छ । निर्देशिकाले तोकेका क्षेत्रहरुमा योजनाबद्ध तवरले खर्च गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धिमा कार्यालयको ध्यान जानुपर्दछ । ६.**सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रणः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन (पहिलो संशोधन २०७७) निर्देशिका, २०७५ को दफा २९ मा सम्बन्धित स्थानीय तह वा आयोजना प्रमुखले आफ्नो क्षेत्रभित्र संचालित रोजगार आयोजनामा कार्य गर्न खटाईएका श्रमिक समुहको कामको नियमित रुपमा सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै ७२ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्रको सार्वजनिक निर्माण र अन्य सार्वजनिक कामहरुको गुणस्तर नियन्त्रणमा उचित ध्यान दिनुपर्ने एवं आफ्नो प्राविधिक कर्मचारीलाई खटाई दफा २९ बमोजिम गुणस्तरको सुपरिवेक्षण गर्ने व्यस्था मिलाउनुपर्ने उल्लेख छ । कार्यालयबाट श्रमिक समूहबाट भएको कामको नियमित रुपमा सुपरिवेक्षण गरेको तथा गुणस्तर नियन्त्रणमा उचित ध्यान पुयाएको पाईएन ।	
४७	१७९	२०७८-३-३१	**पशु भ्याक्सिनेसन** **पशु भ्याक्सिनेसन कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।गाउपालिकाले विभिन्न समयमा पशु भ्याक्सिनेसन कार्यक्रम संचलन गरेकोभनी रु ४ लाख र पशु स्वास्थ्य वाझोपना निवारण शिविरवापत रु ३ लाख गरी रु ७ लाखको पशु प्राविधिक नथुनी मण्डलको पेश्की फर्छयौट गरिएको देखिन्छ। लागत अनुमान तयारनगरी कार्यक्रममा भ्याक्सिन तथा भ्याक्सिनेसन उपकरणहरु अन्य विभिन्न शिर्षकमा खर्च लेखेकोमा कार्यक्रमको प्रगति प्रतिवेदन र अनुगमन गरेको प्रतिवेदन समेत संलग्न छैन।कार्यक्रम संचालन गर्नको निमित्त सार्वजनिक सुचना प्रकासन गरेको देखिदैन भने कार्यक्रममा विभिन्न शिर्षकमा खर्च गर्दा मित्तव्ययिता अवलम्वन नगरी भ्याक्सिनसमेत सोझै खरिद गरेको देखिन्छ।तालिम कार्यक्रम वाड न ५ र ६ मा संचालन भएको भनिएकोमा तालिममा सहभागिता र उपस्थितिको प्रमाण संलग्न छैन। अत सहभागीको उपस्थिति सहित लागत अनुमान वेगर संचालन भएको दुवै कार्यक्रम नियमित नभएको रु	७००,०००
४८			**अनुगमन भत्ता भुक्तानी**	
४८.१			**अनुगमन भत्ताः** पालिकाबाट संचालित कार्यक्रमको अनुगमन तथा सहभाग भए वापत भत्ता लिन पाउने कानूनी व्यवस्था नभएकोमा घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर संचालन गरे वापत देहायका पदाधिकारी तथा कर्मचारीहरुले अनुगमन भत्ता वापत रु.१२४८०० खर्च लेखेकोले कर कट्टी बाहेक असुल उपर गर्नुपर्ने रु	१०६,०८०

क्र.सं.	नाम र पद	अनुगमन दिन	भुक्तानी	भत्ता भुक्तानी कर कट्टी बाहेक
१.	गा.पा. अध्यक्ष दयानन्द गोईत	६	९६००	८१६०
२.	गा.पा. उपाध्यक्ष रुवी गुप्ता	६	९६००	८१६०
३.	प्र.प्र.अ.कुन्दन कुमार कर्ण	६	९६००	८१६०
४.	वडा अध्यक्ष बैजनाथ यादव	६	९६००	८१६०
५.	आई.टि.अधिकृत सुरेन्द्र कुमार यादव	६	९६००	८१६०
६.	जिन्सी प्रमुख राम नारायण यादव	६	६०००	५१००
७.	एम.आई.एस.अपरेटर प्रमेश्वर प्रसाद गुप्ता	६	७२००	६१२०
८.	फिल्ड सहायक जगरनाथ मंडल	६	६०००	५१००
९	वडा सचिव रमेश मरिक यादव	१६	९६००	८१६०
१०	वडा सचिव विष्णुदेव मघौया	१६	९६००	८१६०
११	वडा सचिव अन्तलाल खवास	१६	९६००	८१६०
१२	वडा सचिव राम बाबु यादव	१६	९६००	८१६०
१३	वडा सचिव उदय शंकर मलिक	१६	९६००	८१६०
१४	वडा सचिव चन्द्र नारायण चौधरी	१६	९६००	८१६०
	जम्मा		१२४८००	१०६०८०

४८.२	१८२	२०७८-३-२२	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ (५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई र प्रमाण कागजात राखि लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।फिल्ड सहायक श्री जगरनाथ कुमार मंडललाई विभिन्न खर्च वापत रु.१६३२००। र गोभौ नं १८३।०७८।३।२ मा मसलन्द खर्च बापत फिल्ड सहायक श्री जगरनाथ कुमार मंडललाई रु.१०८०००। भुक्तानी गरेकोमा सो विल भरपाई सहितको प्रमाण पेश गर्नु पर्ने रु.	२७१,२००
४८.३	७३	२०७८-२-१९	**गणक तथा सुपरिवेक्षकको मुल्याकंनकर्ताको भत्ताः**७३।०७८।०२।१९ अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५को परिच्छेद ७ खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि को ७।१।१ मा वैठक भत्ताको मापदण्डको सम्वन्धमा व्यवस्था गरेको छ। कार्यालय समय अघि वा पछी भएको वैठकमा मात्र भत्ता पाउने व्यवस्था छ भने एउटै निकाय र अन्तगर्तका पदाधिकारी तथा कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ। तर गाउपालिकाले गणक तथा सुपरिवेक्षक छनोट कार्य गरेकोभनी मुल्याकंनकर्तालाई	४७,०००

पारिश्रमिक भनी भत्ता वितरण गरेको छ। कर्मचारी छनोटको कार्यविधि तयार गरेको छैन भने सार्वजनिक सुचना प्रकासन गरेको देखिदैन। के कतिले आवेदन दिएको र छनोटको आधारसमेत स्पष्ट नभएकोले पारदर्शी र प्रतिस्पर्धात्मक रुपमा कर्मचारी छनोट भएकोभनी एकिन गर्ने आधार नभएकोले मुल्याकंनकर्ताले पारिश्रमिक वापत ८ कर्मचारीले लिएको भत्ता उपलब्ध गराउन सक्ने आधार पेश हुनुपर्ने रु

४९

अनुमगन तथा संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा कुनै पनि बेरुजु फछ्यौंट भइ संपरीक्षणको लागि पेश भएको छैन ।

रु हजारमा

गत वर्षसम्मको बाँकी बेरुजू (A)	**यो वर्ष संपरीक्षण गरिएको बेरुजू**(B)	**गत बर्षसम्मको बाँकी बेरुजू** (C=A-B)
८०३२५	०	८०३२५